
# रातो खबर

Ratokhabar weekly

साप्ताहिक



रातो खबर अब www.eratokhabar.com मा पनि पढ्न सकिन्छ ।




प्रकाशित भयो ।

आफ्नो प्रति सुरक्षित राख्नुहोस् ।



वर्ष ३, अङ्क ११, पूर्णाङ्क १०६ | २०७४ साउन ३२ गते बुधबार | Wednesday, 16 Aug 2017 | www.eratokhabar.com | मूल्य रु. १०


# बाढीले अकल्पनीय जनधनको क्षति

**सरकार र व्यवस्थाको लापरवाहीले ठूलो क्षति भयो**
प्रकाण्ड, प्रवक्ता, नेकपा

**सरकारको चेत खुलेको छ**
जनार्दन शर्मा, गृहमन्त्री, नेपाल सरकार

**कोशी बाँधको ढोका नखोलिएकोले समस्या भयो**
नेकपा (एमाले)

**गरिबलाई सरकारले त हेर्दै हेर्दैन, भगवानले पनि हेर्दा रहेनछन्**
देवकुमार सदा, तिलाठी, सप्तरी

■ रातो खबर संवाददाता/काठमाडौं





विहीवारदेखि देशभरि आएको अविरल वर्षाका कारण मंगलबार साँझसम्म ११५ जनाभन्दा बढी नागरिकको ज्यान गएको छ। मोरङमा मात्र मृतकको संख्या १९ पुगिसकेको छ। वेपत्ता हुनेहरुको संख्या ६० नाघिसेको छ भने ३० जनाभन्दा बढी गम्भीर घाइते भएका छन् । यद्यपि सरकारसँग जनधनको क्षतिको प्रारम्भिक तथ्यांकसमेत देखिन्न । नेपालबाट वेपत्ता भएका लासहरू भारतका बगर र खोल्सामा भेटिन थालेका छन् । सोमबार मात्र मोरङका ७ वटा लास भारतमा भेटिएका छन् । विराटनगर महानगरपालिका १ देखि १९ वडा नै डुबानमा परेका छन् । कोशी राजमार्ग पश्चिमका भूभागहरू डुबानमा परेका कारण त्यहाँका बासिन्दाहरूको बजारसँग सम्बन्ध विच्छेद भएको छ । केसलिया र सिगिया खोलाको बाढीले रंगेली, जहादा, रतुवामाई, सोनवर्षालगायतका ठाउँहरू डुबेका छन्। विरामीको उपचार त के दाहसंस्कार गर्न नपाउँदा शवहरू बाढीको पानीमा त्यत्तिकै बगाउन आफन्तहरू बाध्य भएका छन् । बालीनाली, तरकारी, दूध, माछा व्यववसाय चौपट भएको छ। धारामा पानी आउन छोडेको र विद्युतका खम्बाहरू ढलेका कारण अन्धकार छ। फोन सेवा अवरुद्ध भएको छ। परीक्षा, विद्यालय, यातायात र हवाई मार्गसमेत अवरुद्ध छन् । मोरङमा ३ जना अझै वेपत्ता

... बाँकी पृष्ठ ७ मा

# चिनियाँ उच्च टोली काठमाडौंमा




■ रातो खबर संवाददाता/काठमाडौं

चिनियाँ कम्युनिस्ट पार्टीका पिबिएम तथा उपप्रधानमन्त्री वाङ्याङ नेतृत्वको उच्च स्तरीय टोली ३ दिने औपचारिक भ्रमणका लागि सोमबार साँझ काठमाडौंमा उत्रेको छ । पाकिस्तानको स्वतन्त्रता दिवसबाट फर्केर सो टोली सिधै काठमाडौं हानिएको हो। चिनियाँ राष्ट्रपति सी जिनपिङ यसवर्ष नेपाल

... बाँकी पृष्ठ ७ मा

# अमेरिकामा नाजीवादी प्रदर्शन

■ रातो खबर संवाददाता/काठमाडौं




अमेरिकाको भर्जीनिया राज्यस्थित सार्लोट्‌सभिलमा सनिबार भएको नयाँ नाजीवादीहरूको प्रदर्शनमा ३ जनाको मृत्यु भएको छ। घटनामा १९ जना घाइते भएका छन्। गोरा जातीहरूको सर्वोच्चताको माग गर्दै 'गोरो प्राधिकार समूह'का नवनाजीवादी समूहका समर्थकले काला जातिमाथि कार कुदाउँदा एक पैदल यात्रीको मृत्यु भएको थियो। सुरक्षार्थ उडेको हेलिकप्टर दुर्घटना हुँदा थप २ जनाको मृत्यु भएको छ। राष्ट्रपति ट्रम्पले दोषीहरूको आलोचना गरेपनि अन्धराष्ट्रवादीहरूसँग ट्रम्पको साँठगाँठ रहेको आरोप छ। घटनामा 'विभिन्न पक्षहरूको संलग्नता भएको' भन्ने ट्रम्पको प्रतिक्रियालाई रहस्यका रुपमा हेरिएको छ। ट्रम्पकै रिपब्लिकन पार्टीका सांसद कोरी गार्डनरले 'गोरो प्राधिकार समूह'लाई आन्तरिक आतंकवादी समूहको आरोप लगाउँदै उनीहरूको निन्दा र पीडितप्रति सहानुभूति प्रकट गर्न राष्ट्रपति ट्रम्प चुकेको भन्दै निन्दा गरेका छन् । भर्जिनिया राज्यका गभर्नर टेरी मक्अलिफले अतिवादीहरूलाई आफ्नो

... बाँकी पृष्ठ ७ मा

# पार्टी हित विपरित कार्य गर्ने छुट कसैलाई छैन: सुदर्शन

■ रातो खबर संवाददाता/काठमाडौं




चितवनमा बृहत केन्द्रीय प्रशिक्षण सम्पन्न गरेको नेकपाले देशब्यापीरुपमा धमाधम ब्युरोस्तरीय प्रशिक्षणहरू गरिरहेको छ । यसै सिलसिलामा सोमबार उपत्यका ब्युरोस्तरीय प्रशिक्षण सम्पन्न भएको छ। बालाजुमा सम्पन्न प्रशिक्षणमा बोल्दै नेकपाका स्थायी समिति सदस्य तथा पूर्वी कमाण्ड इन्चार्ज हेमन्तप्रकाश ओली 'सुदर्शन' ले चुनाव खारेजी अभियानले आफ्नो पार्टीलाई शुद्धीकरण र सुदृढीकरण गर्ने अवसर मिलेको बताउँदै पार्टीमा रहेका कमजोरीहरूको उजागर पनि भएको छ भन्नुभयो । पार्टी कार्यदिशाको बारेमा व्याख्या गर्दै सुदर्शनले कम्युनिस्ट पार्टी निर्माण गरेपछि त्यसको कार्यदिशा, नीति, अनुशासनको दायरामा रहनु पर्ने र गैर कम्युनिस्ट क्रियाकलाप गर्दै हिड्ने छुट कसैलाई नभएको बताउनु भयो । उहाँले विज्ञान र प्रविधि जुन उचाइमा विकास भएको छ त्यसअनुसारको मार्गनिर्देशक सिद्धान्तको पनि विकास गर्न जरुरी भइसकेको कुरामा जोड दिनुभयो । नेकपाका केन्द्रीय सदस्य आजाद, मुकुन्द र संजिबकुमारको पनि उपस्थिति रहेको कार्यक्रमको अध्यक्षता उपत्यका ब्युरो इन्चार्ज प्रज्वलले गर्नुभएको थियो भने उद्घोषण केन्द्रीय सदस्य तथा ललितपुर जिल्ला इन्चार्ज नविनले गर्नुभएको थियो । केन्द्रीय सदस्य नविनले पार्टी केन्द्रको दस्तावेज र परिपत्र बाचन गर्नुभएको

... बाँकी पृष्ठ ७ मा

# संसदवादलाई चोकमा उभ्याएर धज्जी उडाउनुपर्छ

**देश/परिवेश**

■ विप्लव



हामी एक स्तरको लडाईबाट फर्केर यहाँ आएका छौं। चुनाव खारेज अभियानमा क्षति कुन स्तरको हुन्छ र उपलब्धी हुन्छ भन्ने सोचिएकै थियो । चुनाव खारेजी अभियान रगतले लत्पतिएको छ। रगत, हिरासत र जेलले भरिएको छ। १ जना केन्द्रीय केन्द्रीय सदस्यसहित केही साथीहरू अझै जेलमा छन् । आफ्नो स्वतन्त्रताको लागि मूल्य चुकाउनु पर्दछ। यो प्रशिक्षण कक्ष यातना, बलिदान र कष्ट झेलेर आएका क्रान्तिकारीहरूले भरिएको छ। मोर्चामा खट्नेहरू मात्र क्रान्तिकारी हुन्। चीनमा दीर्घकालीन जनयुद्धको बहस हुँदा माओ त्सेतुङले जनताको सेवा गर्ने, उनीहरूका बीचमा काम गर्ने र युद्धमोर्चामा खट्नेहरू नै क्रान्तिकारी हुन् भन्नुभएको थियो। कुरामा क्रान्तिकारीहरू क्रान्तिकारी होइनन्।

अमूर्त शब्दजाल अवसरवादी कुरा हो । मूर्त काम गर्नु नै क्रान्तिकारिता हो । त्यहीअनुसार आज ध्रुविकरण भैरहेको छ । आजका एकथरि मान्छेहरू थाक्ने नयाँ आएर आन्दोलन हाँक्ने हुनसक्छ। प्रश्न नै प्रश्नले घेरिएर नेतृत्व गर्न सम्भव छैन । यो स्वतन्त्रताको लडाई हो। क्रान्तिमा शर्त हुँदैन। यो एउटा स्वयंसेवी कर्म हो।

केही व्यक्तिहरूले धादिङ बैठकमै चुनावमा जानुपर्छ भनेका थिए। हामीले उनीहरूलाई चुनावमा जाने भए जिम्मेवारी छोड्न आग्रह गरेका थियौं। संसदीय चुनावमा सहभागी हुने भनेको जनयुद्धलाई प्रचण्ड-बाबुरामले भनेझैं बिसर्जन गर्ने कुरा हो । उपयोग भन्दै आफैं उपयोग हुने र आन्दोलनलाई समाप्त बनाउने कुरा हो। चुनावलाई कार्यनीति भन्दै संसदवादतिर नै जानु हो। संसदीय व्यवस्थाको सुविधा र पद लिंदै उसलाई गाली गरेर बस्नु भनेको संसदवाद हो। आज संसदवादलाई चोकमा उभ्याएर धज्जी उडाउनुपर्छ।

निरङ्कुश राजतन्त्र वा सैनिक शासनमा उपयोगको नीति आवश्यक हुनसक्छ । नेपालको

... बाँकी पृष्ठ ७ मा

## सम्पादकीय

### उद्धार र राहतमा तदारूकता खोई ?

अनपेक्षित रुपमा विहीवारदेखि आएको बाढी, नदी कटान, पहिरो र डुबानका कारण १ सयभन्दा बढी नागरिकको ज्यान गइसकेको छ । ५० जनाभन्दा बढी वेपत्ता छन् । लाखौं घरबास नष्ट भएका छन् । आर्थिक, सामाजिक र मनोवैज्ञानिक रुपले यो विपत्तिको दुष्प्रभाव लामो समयसम्म रहिरहने निश्चित छ । यो राष्ट्रिय संकट र विपत्ति हो नै । तर त्यसलाई टार्न वा प्रभाव न्यूनीकरण गर्न सकिन्थ्यो । जसका लागि न्यूनतम र अधिकतम, तत्कालीन र दीर्घकालीन रणनीति आवश्यक छ । तर नेपाल सरकार भगवान भरोसा शैलीमा घिस्रिरहनु मै मूल समस्या छ । त्यसैले वर्तमान बाढी पहिरो विपत्तिलाई प्राकृतिक विपत्ती कम र मानवीय विपत्ति बढी कारक रहेको भन्न सकिन्छ ।

भारतले दशगजा मिचेर नदीको प्राकृतिक बहाबलाई अवरुद्ध गर्दा तराईका दर्जनौं बस्ती डुबानमा परेका छन् । कोशी नदीको जलप्रवाह नियन्त्रण गर्ने जिम्मा भारतको हातमा छोड्दा र उसले समयमा कोशी बाँधको ढोका नखोलिदिएकोले सप्तरी, सुनसरी, मोरङलगायतका नेपाली भूभाग डुबानमा परेका छन् । पूर्व शासकहरूको राष्ट्रघाती सन्धि, भारतसँग राष्ट्रिय हितमा कुटनीतिक भूमिका खेल्नुभन्दा दलाली गर्ने प्रवृत्तिका कारण ठूलो जनधनको क्षति हुन गएको छ । गण्डक र टनकपुर क्षेत्रमा पनि कोशीकै समस्या बल्झिएका छन् । आफ्नो नदीको पानीबाट आफ्ना नागरिकको रक्षा गरिदेऊ प्रभु ! भन्नुपर्ने लज्जास्पद अवस्था झेल्ने मुलुक कसरी सार्वभौम हुन्छ ? हालै नेपालका मन्त्रीहरूकै सामुन्ने बेइजिङमा चिनियाँ विद्वानहरूले भारतले नेपाललाई सिक्किम बनाउन खोजेको गम्भीर आरोप लगाएका छन् । वर्तमानको बाढी र भारतीय ज्यादती हेर्दा उपरोक्त आरोप स्मरणीय देखिन्छ ।

प्रधानमन्त्री राहत कोषमा २ अर्बभन्दा बढी रकम जम्मा भइसकेको देखिन्छ । गैरसरकारी संस्था, व्यक्ति र विदेशी, सहयोगलाई, मध्यस्थता गरेकै भरमा जस लिनका लागि सरकारले 'एकद्वार प्रणाली' को घोषणा गरेको छ तर पीडितले राहत पाएका छैनन् । सरकारसँग क्षतिको तथ्यांकसमेत छैन । सरकारले प्रहरी र सेना मात्र होइन, आफ्ना सम्पूर्ण संयन्त्र परिचालन गर्नुपर्छ । दल र उनीहरूका भातृसंगठनहरू सामाजिक संजालमा प्रदर्शन गर्ने स्तरमा सिमित हुनुको सट्टा परिणाममुखी भूमिकामा प्रवेश गर्नुपर्छ । दुःखको बेला सबै कुरा बिर्सेर सहयोग गर्ने नेपाली संस्कृति नै हो । भारतीय नाकाबन्दी र त्यसअघिको भूकम्पमा हामीले त्यसको अनुभव गरेका हौं । यसपटक तराईमा भएको अकल्पनीय विपत्तिमा पनि सम्पूर्ण नागरिक उद्धार र राहत कार्यमा खट्न आवश्यक छ । सरकारले झारा टार्ने र हवाई सयर गरेर प्रचारमुखी शैली होइन परिणाममुखी भूमिकाको नेतृत्व गर्न आवश्यक छ ।

#### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# स्वर्ग देख्न नाक कटाउने लोभी मानिस र माओवादी केन्द्रका अनुयायीहरू



भेषराज भुसाल

यो दलाल संसदीय व्यवस्था भनेको दलाल नोकरशाह र तिनका मित्र शक्ति सामन्त, तस्कर, भ्रष्टचारी, कमिसनखोर, मानव तस्करहरुकै हो । यो कुरा कथित स्थानीय निर्वाचनमा संसदवादी पार्टीहरुले एक अर्कालाई लगाएका आरोपहरुले नै पुष्टि गर्दछन् । आम रुपमा सबै संसदीय पार्टीहरुले र मुख्य रुपमा काँङ्ग्रेस, एमाले र माके प्रत्येकले आफुले जितेको स्थानमा स्वतन्त्र, निश्पक्ष र धाधलीरहित निर्वाचन सम्पन्न भएको वकालत गरिरहेका छन् ।

बुर्जुवा दलाल संसदीय व्यवस्थालाई ध्वस्त पारी जनवाद-वैज्ञानिक समाजवाद हुँदै विश्व साम्यवादी यात्रामा अगाडि बढ्ने उद्घोषका साथ सञ्चालित महान् जनयुद्धप्रति विश्वासघात गरी त्यही दलाल संसदीय व्यवस्थालाई संस्थागत गरेर मात्र जनयुद्धका एजेण्डा संस्थागत हुँने प्रचण्डको प्रलाप र तिनका अनुयायीहरूको कुरा सुन्दा उदेक लागेर आउँछ । गणतन्त्र, सङ्घीयता, धर्मनिर्पेक्षता, समावेसी तथा समानुपातिक पद्दति संस्थागत भयो भने के वैज्ञानिक समाजवाद स्थापना गर्न सकिन्छ ? यदि सकिन्छ भने हिजोका दिनमा भाकपा (माओवादी) लगायतका पार्टीहरूसँग एकता गरी किन कम्पोसा बनाएको ? भाकपाका नेताहरूलाई भन्नु पर्थ्यौं तिम्रो भारतमा गणतन्त्र पनि छ, सङ्घीयता पनि छ, धर्मनिर्पेक्षता पनि छ र समावेसी समानुपातिक पनि छ त्यसैले तिमीहरूले जनयुद्ध लड्न आवश्यक छैन । संसदीय चुनावमा जाउँ र आफ्ना एजेण्डा स्थापित र संस्थागत गर । त्यसरी नै विश्वका गणतन्त्र भएका मुलुकमा रहेका माओवादी क्रान्तिकारीहरूसँग किन एकता गरी अन्तर्राष्ट्रियतावादी क्रान्तिकारी आन्दोलन (चक्षः)बनाएको ? सबैलाई संसदीय निर्वाचनामा भाग लिन भनदिएको भए हुँदैनथ्यो ?

सवाल गणतन्त्र र सङ्घीयताको मात्र होइन, सवाल त सर्वहारा श्रमजीवि वर्गको अधिनायकत्वसहितको वैज्ञानिक समाजवादी सत्ता स्थापना गर्न बल प्रयोगको मालेमावादी सिद्धान्तलाई अङ्गीकार गर्दै बलिदानीपूर्ण बाटोमा अगाडि बढ्ने वा पुँजीवादी अधिनायकत्वसहितको संसदीय व्यवस्थामा आत्मसमर्पण गर्ने भन्ने हो । प्रमुख विषय त वर्गीय उत्पीडनबाट मुक्त हुने कुरा हो । वर्गीय मुक्ति भएसँगै नेपालको सन्दर्भमा राष्ट्रिय स्वाधिनता, उत्पीडित राष्ट्रहरू (जातिहरू) र लैङ्गीक उत्पीडन र विभेदको अन्त्य पनि हो । सबैले हेक्का राख्नु पर्ने कुरा के हो भने राज्यसत्ता बाहेक श्रमजीवि जनताको निम्ति सबै कुरा भ्रम हुन् र वर्गीय मुक्ति बिना अन्य कुनै पनि मुक्ति सम्भव नै हुँदैन ।

वर्ग विभाजित समाज रहँदासम्म राज्यसत्ताको चरित्र पनि वर्गीय हुने कुरा मालेमावादको कखरा मात्र पढेको जो कोहीलाई पनि जानकारी भएकै विषय हो । अहिले नेपालको राज्यसत्ताको चरित्र के हो ? के हिजो परिभाषित गरिएको अर्धसामान्ती र अर्धऔपनिवेशिक चरित्रमा कुन कुन कारणले परिवर्तन आयो ? यसको जवाफ प्रचण्डले दिनु पर्दैन ? सामन्तवाद भनेको के राजा एउटा ब्यक्ति मात्र हो वा उत्पादन प्रर्णाली, संस्कार संस्कृति, चिन्तन र एउटा पद्दति हो ? हिजोको राजा र आजको राष्ट्रपतिमा गुणात्मक रूपले के फरक छ ? पात्र, पद र प्रक्रिया मात्र फरक भएर राज्यसत्ताको चरित्र नै फेरबदल हुन सक्छ ? फरक के मात्र छ भने हिजोका राजा जन्मजात राजा हुन्थ्ये । आजका राष्ट्रपति निर्वाचित हुन्छन् । उनले गर्ने कार्यको कुरा गर्ने हो भने हिजोका राजाले पनि संसदबाट तयार गरिएको सरकारको नीति तथा कार्यक्रम संसदमा पढेर सुनाउँथ्ये, आजका राष्ट्रपतिले पनि त्यही गर्छन् । हिजोको राजाले बेलाबखत पशुपतिमा पुजा गर्न जान्थे । विभिन्न मठमन्दिर धाउँथे, कुमारीको भोटो हेर्न जाउलाखेल जान्थे, दशैमा सबैलाई बोलाएर टीका लगाउँथे । आजको राष्ट्रपतिले पनि त्यही गर्छन् । उत्पादन प्रर्णाली हिजो जस्तो थियो आज उस्तै छ । हिजो जुन वर्गको हातमा उत्पादनका साधनहरू थिए आज पनि तिनै वर्गका हातमा छन् । राज्यसत्ताको उपरिसंरचनामा सामन्य परिवर्तन भएको देखिए पनि त्यसको आधारमा कुनै परिवर्तन भएको छैन । फरक के भएको छ भने हिजो सामन्त दलाल, नोकरशाही पुँजीवादको नेतृत्व राजतन्त्रले गरेको थियो भने आज सामन्त तथा नोकरशाही पुँजीवादको नेतृत्व दलाल पुँजीवादले गरेको छ । त्यसैले आज पनि राज्यसत्ताको चरित्र दलाल सामन्त र नोकरशाही गढजोडमा अगाडि बढिरहेको छ ।

राष्ट्रिय स्वाधिनताको कुरा गर्दा वैदेशिक हस्तक्षेप हिजोको तुलनामा घट्नुको सट्टा झन् बढेर गएको छ । १९५० लगायतका असमान सन्धिसम्झौता यथाबत नै छन् । सिमा अतिक्रमण दिनप्रतिदिन बढिरहेको छ । अझ ठुलाठुला राष्ट्रघाती सन्धिसम्झौता थपिँदै गएका छन् । विप्पा सम्झौता, अपरकर्णाली, अरुण तेस्रो र उच्च कोशी बाँध लगायतका राष्ट्रघाती सम्झौता त्यसका उदाहरण हुन् । राष्ट्रका सम्पूर्ण अवयबहरूमा भारतीय साम्रज्यवादी दलालीकरण तिब्र रूपमा बढिरहेको छ र हिजोको अर्धऔपनिवेशिक अवस्थाबाट झन् नबऔपनिवेशिकमा पुगेको छ । अतः अहिले पनि राज्यसत्ताको चरित्र दलाल सामन्ती र नवऔपनिवेशिक छ ।

जनजीविकाको कुरा गर्दा महङ्गी अकासिदो छ, कालाबजारी ब्याप्त छ, आज पनि विना वैकल्पीक व्यवस्था सुकुम्बासीका बस्तीहरूमा डोजर चलाइएको छ । बालीनाली नष्ट गरिएको छ । बेरोजगारको समस्या बिकराल छ । युवाहरू विदेश पलायन छन्, लाखौं महिला दिदीबहिनीहरूले विदेशमा नारकीय जीवन बिताउन बाध्य छन् । भाडाका सिपाही जन्माउँने देशको कलङ्क यथाबत छ । स्वास्थ्य र शिक्षामा निजीकरण र व्यापारीकरण तिव्र छ, घुसखोरी र भ्रष्टाचार दिन दुगुणा रात चौगुणा मौलाउँदो छ । राज्यको अति सम्वेदनशील मानिएका अङ्गहरूमा समेत घुसखोरी भ्रष्टाचारी र कमिसनखोरीले बदनाम र निकम्मा भएका छन् । न्यायसमेत खरिद बिक्री भइरहेको छ । जनयुद्धका एजेण्डा स्थापित भएको र सिंहदरबारको अधिकार गाउँमा पुगेको भनी कोकोहोलो मच्चाउँने प्रचण्ड मण्डलीसँग उपरोक्त तथ्यहरूको खण्डन गर्ने आँट छ ?

राज्यसत्ता र उत्पादन प्रणालीलाई अलगथलग गरी भ्रम सृजना गर्ने र नीजिकरण उदारीकरण र स्वतन्त्र प्रतिस्पर्धात्मक उत्तरसाम्राज्यवादी अर्थप्रणालीका मतियार हरूले श्रमजीवि जनताको हित गर्ने र देशलाई सम्बृद्ध बनाउँने कुरा कल्पना पनि गर्न सकिँदैन । यो त चलाक बिरालो ले मुसाहरूलाई सकुशल तिर्थाटन गराउँछु भन्ने कुरा जस्तै हो । यो दलाल संसदीय व्यवस्था भनेको दलाल नोकरशाह र तिनका मित्र शक्ति सामन्त, तस्कर, भ्रष्टचारी, कमिसनखोर, मानव तस्करहरूकै हो । यो कुरा कथित स्थानीय निर्वाचनमा संसदवादी पार्टीहरूले एक अर्कालाई लगाएका आरोपहरूले नै पुष्टि गर्दछन् । आम रूपमा सबै संसदीय पार्टीहरूले र मुख्य रूपमा काँङ्ग्रेस, एमाले र माके प्रत्येकले आफुले जितेको स्थानमा स्वतन्त्र, निश्पक्ष र धाधलीरहित निर्वाचन सम्पन्न भएको वकालत गरिरहेका छन् । र आफुले हारेको ठाउँमा सत्ता र शक्तिको दुरुपयोग गरेको बुथ कब्जा गरेको मतदातालाई आर्थिक प्रलोभनमा पारेको, करोडौं पैसाको खोलो बगाएको, रक्सी, राँगा, बोका र कुखुरा काटी भोज गराएको । रातारात पैसा बाँडेको आदि इत्यादि आरोप खुलमखुला लगाइरहेका छन् र आम रूपमा सर्वसाधारण जनताले भन्ने गरेका छन् कि अव उपरान्त यो परिपाटीमा इमान्दार निष्ठावान र गरीव ब्यक्तिले चुनाव लड्न र जित्न सक्दैन । यसले के सावित गरिसकेको छ भने यो व्यवस्थाको निर्वाचन सबैतिर एकैनासले भएको छ । उनीहरूले भनेजस्तै आफुले हारेको ठाउँमा मात्र गड्बडी भएको होइन, जितेको ठाउँको अवस्था पनि उस्तै हो भन्ने कुरा उनीहरूकै आरोप प्रत्यारोपले नै पुष्टि गर्दछन् । आम मतदाताले पनि यो घिनलाग्दो परिपाटीका बारेमा कुरा बुझ्दै गएका छन् ।

उपरोक्त विषयहरू जान्दाजाँन्दै र भन्दाभन्दै पनि माओवादी केन्द्रमा रहेका हिजो महान् जनयुद्धको प्रक्रियामा वैज्ञानिक समाजवादी आदर्शबाट प्रशिक्षित भएका, टाउँकोमा कात्रो बाँधी रणमैदानमा कुदेका, आज पनि शरिरभरी गोलीका छर्रा बोकेर हिडिरहेका, घाइते अपाङ्ग बनेका आफन्त वेपत्ता पारिएका वेपत्ता परिवार र सहिद परिवारका सदस्यहरूले कसरी यो कुरा पचाइरहेका होलान् । हिजो टाउँकाको मुल्य तोक्ने नेपाली काँङ्ग्रेस र त्यसको मुख्य नेतृत्व शेरबहादुर देउवासँग प्रचण्डले गरेको सत्ता साँठगाँठ अप्राकृतिक फाँसीवादी प्रकारको मात्र होइन कि यो लज्जा जनक पनि छ । गणतन्त्र घोषणा पश्चात प्रमुख दुश्मन भनि प्रचण्डले दस्तावेजमै उल्लेख गरेका थिए नेपाली काँङ्ग्रेसलाई । प्रमुख दुश्मनका विरुद्ध सहायक दुश्मनलाई प्रयोग गर्ने कुरा त हुन सक्छ तर प्रमुख दुश्मनसँगै साँठगाँठ गरी अगाडि बढ्ने लाजमर्दो अवस्था र फाँसीवादी चरित्र संसारमा कतै पाइँदैन होला । जनयुद्धलाई बिसर्जन गरे बापत साम्राज्यावादी तथा दलालहरूले प्रचण्डलाई उपहार स्वरूप चितवनमा पुत्री रेणु दाहालको मेयरमा बिजयीको नाटक मञ्चनका बेला लगाइएको नारा एउटा माओवादीको निम्ति सर्मनाक देखिन्छ । माओवादी काँङ्ग्रेस भाइभाइ अरू सबै बाइबाइको नारा लगाउँने कार्यकर्ताहरूको मनोदशा कस्तो होला ।

माओवादी केन्द्रलाई भोट हाल्ने वा उसको निर्देशनमा काँङ्ग्रेसको रूखमा भोट हाल्ने आम जनता र कार्यकर्ताको पिडा त खपिनसक्नु नै छ । ढिलोचाँडो सबै क्षेत्रका उत्पीडित वर्ग समुदाय न्याय र समानताको लडाइँमा समाहित हुने नै छन् । तर केही मुट्ठीभर प्रचण्डका वरिपरी रहेर सत्ताको सुख र सत्ताको आडमा भ्रष्टाचार, ठगी, तस्करी गर्नेहरूले त जनवाद र समाजवाद देख्यौ भन्दै हिड्ने नै भए प्रचण्डका यस्ता अनुयायी देखेर मलाई एउटा कथा याद आयो ।


कुनै एउटा गाउँमा एउटा बदमास मानिस रहेछ । उसलाई सम्झाउँदा बुझाउँदा पनि केही सिप नलागेपछि त्यसको नाँक काटेर गाउँ निकाला गरिदिए छन् । टाढाको अपरिचित र नयाँ ठाउँमा पुगेपछि त्यस बदमासले फेरी त्यहाँ पनि ठग्ने जुक्ति निकालेछ र बाटोमा कोही मानिस आएको देख्ने वित्तिकै आकाशतर्फ फर्किए र बर्बराउँदो रहेछ र भन्दोरहेछ 'ओहो ! इन्द्रलोकमा क्या आनन्द छ । देवराज इन्द्र सिंहाशनमा बसेका छन् । केही अप्सराहरूले चमर हल्लाएका छन् केही नाँचेका छन् । सुनैसुनको दरबार छ ।' यस्तै प्रकारले विष्णुलोक, ब्रम्हलोक, शिवलोक आदिको खुव बयान गर्दोरहेछ । बाटोमा हिड्ने अधिकांश बटुवाहरूले बहुलाहा, पैसा माग्ने जुक्ति गरेको आदि इत्यादि भन्दै हिड्दा रहेछन् । एउटा अलि लोभी किसिमको ब्यक्ति पनि त्यही बाटो भएर आएछ र उसका काल्पनिक (झुट कुराहरू खुब सुनेछ र उसलाई पनि इन्द्रलोक, विष्णुलोक, ब्रम्हलोक र शिवलोक हेर्ने खुव इच्छा जागेछ । र त्यस ठग बदमासलाई भनेछ 'हे भाइ ! मलाई पनि देखाइ दिउन मैले तिमीले जस्तै माथि फर्केर हेरे मैले त केही देख्दिन त ?' पहिले त त्यस ठगले झर्किदै भनेछ 'मलाई डिस्ट्रव नगर यति धेरै आनन्द आइरहेको बेला'भन्दै उसलाई अझ विश्वासमा पार्न थालेछ र भनेछ 'हे भाई तेसै देखिने भए मैले मेरो नाँक किन काट्नु पर्थ्यौ ? त्यसैले स्वर्गीय आनन्द लिने भए तिमीले पनि आफ्नो नाक काटेर आउँ अनि मात्र देखिन्छ ।'

स्वर्गीय आनन्द आफ्नै आँखाले हेर्ने लोभमा त्यस बटुवाले पनि आफ्नो नाँक काटेर आएछ । रक्ताम्मै हुँदै आकाशतिर हेर्न थालेछ । तर केही भए पो देख्ने केही पनि नदेखेपछि त्यस लोभी बटुवाले भनेछ 'हे भाइ छँदाछँदाको नाँक पनि काटेर नकटो भइयो । मैले त केही पनि देख्दिँन है ।' उसले धेरैसम्म प्रयास गर्न भन्यो । लोभी बटुवाले धेरै समयसम्म उभो फर्केर हेरि रह्यो केही देख्ने कुरै भएन र भन्यौ 'मैले केही देखिन मलाई ठगेको त होइन ?' त्यस बदमासले भनेछ 'मेरो गाउँमा धेरै सम्पत्ति छ त्यसबाट तिमीलाई जीवन धान्ने सम्पत्ति दिउँला । त्यसैले देखिन नभन । देखे ! देखे ! भन नत्र अरूले नाँक कटाउँदैनन् र हाम्रो बहुमत हुँदैन ।' त्यसपछि त्यो बिचरो पनि सोरसोरैमा देखेदेखे भन्दै हिड्यो रे ।

पैसाको आसमा नभएको स्वर्ग देखेदेखे भन्ने नाँक कटाइदिएको थाहै नपाउँने लालची बटुवा र संसदीय व्यवस्थालाई संस्थागत गर्नु नै जनयुद्धका एजेण्डा संस्थागत गर्नु हो भन्दै दलाल संसदीय व्यवस्थाको माध्यमबाट नै वैज्ञानिक समाजवाद तर्फ गइन्छ भन्ने प्रचण्डको झुटो कुरालाई हो ! हो ! भन्दै हिड्ने केही अवसरवादी लोभीपापीहरूको भ्रमजालमा आम माओवादी कार्यकर्ता पर्नु हुँदैन । केही पाइन्छ कि भनेर एक आध लोभीपापी नाँक कटाउँन जालान । त्यसताका हविगत पनि त्यही लोभी बटुवा कै जस्तो भएको धेरै उदाहरण देखिसकिएका छन् । अहिलेलाई यत्ति नै भनौं । धन्यवाद ॥

मिति : २८ साउन, २०७४

# मेरो आँखामा कमरेड रामवृक्ष यादव



असारे काका

तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (चौथो महाधिवेशन) फुटपछि २०४० सालमा मलाई पूर्वको कार्यक्षेत्र जिम्मा दिएको थियो । खास गरेर पार्टी फुटमा चौम र मशाल भएका थिए । मेरो कार्यक्षेत्रमा मशालको प्रभाव अत्यन्त न्यून थियो ।

मशालको समर्थन गर्नेमा क. रामवृक्ष यादव, क. मातृका यादव, क. किसुन मण्डलसमेत लगभग तलका कमरेड छोडेर फिगरमा देखिने कमरेडहरू त्यतिमात्र थियौँ ।

एकीकृत हुँदा जनकपुर अञ्चल र सगरमाथा अञ्चलको प्रभाव चौममा बढी थियो । त्यसका नेता क. निर्मल लामा, क. जयगोविन्द साह, क. सूर्यनाथ यादवलगायत हुनुहुन्थ्यो ।

म पनि नयाँ सीसीएम, हाम्रा कमरेडहरू पनि त्यो राष्ट्रिय स्तरको व्यक्तित्व नउठेका कारण त्यो ठाउँमा सङ्गठन निर्माण गर्न निकै मेहनत गर्नुपर्थ्यो ।

मेची र कोसीमा मालेको दबदबा भएकाले त्यस क्षेत्रमा सङ्गठन बनाउन फलामको चिउरा चपाउनुसरह थियो ।

२०३० सालदेखि दरबारको निकट मन्त्री शेरे धनुषा भन्ने हेमबहादुर मल्ल, गिरिजा कोइरालाकी भाइबुहारी लीला कोइराला, नगेन्द्रप्रसाद रिजालका सम्धी बद्रीप्रसाद कोइराला, हेमबहादुर मल्लका विश्वासपात्र बद्रीबहादुर कार्की, स्थानीय नेकाका लठैत गङ्गाप्रसाद यादव, राजकिसन यादवसँग पौंठेजोरी खेल्दै आउनुभएको थियो क. रामवृक्ष यादव ।

क. रामवृक्ष यादवलाई सबैले मास्टर साहबको नामबाट चिन्थे । त्यो नाम बोलीचालीको जिब्रोमा थियो । आफ्नो वर्गपक्षधरताका कारणले माथि नाम लेखिएका शोषक सामन्तसँग नझुक्नु, मजदुर, श्रमजीवी वर्गको पक्षपोषण गर्ने भएकाले सायद उहाँलाई उनीहरूले चैनसँग बस्न दिएनन् ।

स्थानीय खुँखार सामन्त, फटाहा बद्रीप्रसाद कोइरालाको ७ बिघाको गहुँ काटेर किसान, सुकुम्बासीलाई उहाँले वितरण गर्नुभएको थियो । यही घटनाका कारण २०४१ सालमा क. रामवृक्ष यादवलाई खुट्टा भाँचेर प्रहरीलाई जिम्मा लगाएको घटनाबाट पनि बुझ्न सकिन्छ । खुट्टा भाँचिई जनकपुर अस्पतालमा उपचार गराउँदै गर्दा दुस्मनका आँखा छली उम्कन सफल हुनुभएको थियो ।

आईएसम्म पास गर्नुभएका गरिब परिवारका मृदुभाषी, बादन, गायन, नृत्य, अभिनयमा विशेष दख्खल राख्ने र सर्वहारा वर्गको अडिग नेतृत्व गर्न तथा बलिदानी गर्न तयार आफ्नो आस्थामा अडिग कमरेडलाई सम्झिँदा मेरो अहिले पनि शिर निहुरिन्छ ।

हुनत क. रामवृक्ष यादवलाई पार्टी सीसीएममा लान सिफारिस गर्ने नेताका रूपमा म भए पनि उहाँको तुलनामा म आफूलाई सानो फुच्चे सम्झन्छु । उहाँले आफन्तमार्फत् जेलबाट पठाएका सन्देशले राष्ट्रियता, महिलाहरूप्रति अधिकारका लागि सचेत गराउने काम गरेका थिए । उहाँको चर्चित गीत 'पेरूमा लालझन्डा फहराई रे' ले उहाँलाई अन्तर्राष्ट्रिय सर्वहारावादका नेताका रुपमा स्थापित हुन सफल बनाएको छ ।

आफूमात्र होइन, आफ्ना एकमात्र छोरा शेखर यादव र ज्वाइँ डम्बर यादव महान जनयुद्धका क्रममा उच्च सहादत प्राप्त गर्नुभएको थियो । मास्टरनी साहब (उहाँकी जीवनसंगीनी रामकुमारी यादव)लाई मास्टर साहबले उहाँको भाषामा "बङ्ठीया वाली" (बङ्ठीया भन्ने गाउँबाट बिहे गरी आएकोले) नामले बोलाउनुहुन्थ्यो, समेत आन्दोलनमा निरन्तर लागिरहनुभयो । उहाँकी छोरी बोधमाया, कल्याणी र सुनिताहरू पनि माओवादी आन्दोलनमा लागिरहनुभएको छ ।

कम्युनिस्ट आन्दोलनमा आफू एकजना लागेर आफ्ना परिवारलाई सुरक्षित राख्ने अवसरवादका विरुद्ध तन, मन र धन सबै हिसाबले नेतृत्व गर्नसक्ने कमरेड रामवृक्ष यादवले हामी सबैलाई त्याग, वलिदान र समर्पणको बाटो देखाउनुभएको छ ।

त्यसताका क. रामवृक्ष यादव र मेरो जिम्मामा २/२ अञ्चल परेको थियो । क. रामवृक्ष यादवलाई कोसी अञ्चल, मेची अञ्चल र मेरो जनकपुर र सगरमाथा थियो । क. रामवृक्ष यादवलाई जनकपुर र सगरमाथामा दुस्मनले अत्यन्त खोजी गरेका कारणले उहाँलाई मेची र कोसीको कार्यक्षेत्रको सम्पर्क कार्यालय इटहरीमा राख्ने सबै मिलाइयो । तर कमरेड रामवृक्ष यादवले मिर्चैयाको मदेरवामा एउटा कार्यक्रम गर्ने पहिलेको सेड्युल रहेछ । उहाँले त्यसमा जान अत्यन्तै जोड गर्नुभयो । तर मैले त्यो कार्यक्रम पूरा गर्छु भन्दा पनि एक पटक मात्र जानका लागि अनुरोध गर्दा मैले हार्न सकिनँ । त्यो कार्यक्रमपछि भदौ १ गते नेपाल बन्दको दिन जनकपुरमा कार्यक्रम सम्पन्न गरेर घरतिर फर्कने क्रममा उहाँलाई कांग्रेसी आततायी गुन्डाहरूले हत्या गरे ।

उहाँको हत्यापछि मधेसमा सर्वहारा वर्गले नेतृत्व गर्नसक्ने मधेसी नेताको अभाव खट्केको छ । उहाँ अहिले भएको भए पूर्वी तराईमा अमेरिकी साम्राज्यवाद, भारतीय विस्तारवाद, दलाल पुँजीवादका विरुद्ध लड्दै एकीकृत जनक्रान्तिको कार्यदिशाको माध्यमद्वारा नेपाली नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने नेतृत्वको जिम्मा पूरा गर्न सक्नुहुन्थ्यो भन्ने मलाई विश्वास छ । पूर्वी मधेसमा मधेसी समुदायबाट वैज्ञानिक समाजवादको नेतृत्व गर्ने कमरेडको अभाव खट्किरहको छ । हामी कम्युनिस्टहरू कुनै बितेको कुरालाई चिन्ता लिनेभन्दा पनि संसारलाई बदल्न अग्रसर कमरेडहरूको शिक्षालाई शिरोपर गर्दै शोकलाई शक्तिमा बदल्न सक्नुपर्दछ । नेपाल कम्युनिस्ट पार्टी माओवादीले २०५२ साल फागुन १ गतेदेखि महान् जनयुद्ध हुनुभन्दा १ वर्षअगाडि नै क. रामवृक्ष यादवको सहादतले हाम्रो जनयुद्धलाई अगाडि बढाउन प्रेरणाको काम गरेको थियो । मानिस जन्मेपछि मर्नु स्वाभाविकै हो । महान् मृत्युको जति प्रचार गरे पनि कमै हुन्छ । क्रान्तिकारीहरूको महान् बलिदानले आन्दोलनलाई बल पुग्छ । क. रामवृक्ष यादव हाम्रो नेपाली कम्युनिस्ट आन्दोलनमा कहिल्यै नमर्ने नाम हो । महान सहिद क. रामवृक्ष यादवप्रति मेरो लालसलाम !

स्रोत : रातोखबर साप्ताहिक २०७२ भदौ ९

# बुबा रामवृक्ष यादवको स्मृतिमा



सुनिता यादव

क. रामवृक्ष यादव इतिहासको एउटा आदर्श पाना हुनुहुन्छ, जसलाई हामी क्रान्तिका हरमोर्चामा सम्झनाका रूपमा पल्टाउने गर्छौं । क्रान्तिकारी योद्धाहरूको प्रेरणा र आदर्शका रूपमा चिनिने क. रामवृक्ष यादवको इतिहास उहाँकै रगतले लेखिएको छ । त्यो रगत बग्दाको क्षणलाई सम्झँदा क्रान्तिकारी योद्धाहरूको पीडा र आक्रोशले छट्पटिन्छन् । तर ती पीडा र आक्रोशलाई क्रान्तिकारी साहस र धैर्यले पचाउँदै उहाँले देखाउनुभएको क्रान्तिको बाटो र सुन्दर संसारको सपनालाई साकार पार्न उहाँका रक्तबीजहरू निरन्तर सङ्घर्ष गरिरहेका छन् । कति सहिद भए, कति घाइते अनि कति अपाङ्ग, फेरि पनि सङ्घर्ष भने निरन्तर जारी छ । ती सहिदको लक्ष्यलाई चुम्नका निम्ति ती रक्तिम पाइलाहरू निरन्तर अगाडि बढिरहेका छन् ।

यसै सन्दर्भमा हामी हाम्रा क्रान्तिका जीवनमा घटेका केही महत्वपूर्ण क्षणहरूलाई सम्झन्छौं । हामीले भदौ २ गतेको दिनलाई सम्झनाका रूपमा लिएका छौं । हुनत भदौ २ गते हरेक वर्षमा एकपटक आउँछ तर इतिहासमा लेखिएको त्यो पल एकपटक मात्र आएको थियो, जुन दिन हाम्रा महान् नेता श्रद्धेय रामवृक्ष यादवको आफ्नो अमूल्य रगत देश र जनताको मुक्तिका निम्ति पोखिएको थियो । आज तिनै महान् सहिद रामवृक्ष यादवको २२ औं स्मृति दिवसका अवसरमा उहाँको सङ्क्षिप्त राजनीतिक जीवनीबारे चर्चा गर्न खोजेका छौं ।

रामवृक्ष यादव २००३ सालमा धनुषा जिल्लाको बरमझिया गाउँको निम्नमध्यमवर्गीय किसान परिवारमा जन्मिनुभएको थियो । स्वर्गीय रामलखन र सम्पत्तीदेवीका एकमात्र सन्तानका रूपमा जन्मिनुभएका रामवृक्ष यादव २०२२ सालमा एसएलसी पास गरी गाउँकै प्राथमिक विद्यालयमा काम गर्न थाल्नुभयो । तर समाजसेवाप्रति भने विद्यार्थी जीवनबाटनै चाख राख्नुहुन्थ्यो । उहाँले गाउँ समाजका गरिब वर्गहरूप्रति सहानुभूति राख्नुका साथै उनीहरूको हकअधिकारप्रति पनि ज्ञात गराइराख्नुहुन्थ्यो । उहाँको राजनीतिक जीवनको सुरुआत भने २०२९ सालमा नेकपा चौथो महाधिवेशनको सम्पर्कमा आएर भयो । त्यसपछि उहाँको नेतृत्वमा २०३० सालमा बरमझियामा मजदुर समस्या लिएर मजदुर हडताल भएको बेला शान्तिसुरक्षाअन्तर्गत जेल पर्नुभयो । त्यसमा सामन्तहरूका नाइके बद्री कार्की, हेमबहादुर मल्ल र बद्री कोइरालाको प्रमुख भूमिका थियो ।

त्यसपछि उहाँलाई शान्तिसुरक्षाअन्तर्गत राखी २०३० साल भदौमा सम्पूर्ण गाउँ लुट्नेजस्ता अपराध र आतङ्कपूर्ण काम गरेको झूट्टा आरोप लगाउन मल्ल र कार्की सफल भए । पछि कात्तिकमा उहाँ जेलबाट निस्केपछि नेकपा चौथो महाधिवेशनले उहाँलाई २०३१ सालमा पार्टी सदस्यता दियो । त्यसबेलादेखि नै उहाँ पार्टीमा सक्रिय रूपमा काम गर्न थाल्नुभयो । जेलबाट निस्केपछि पनि सरकारले उहाँलाई कुनै कारण नबताई एक वर्षसम्म जागिरबाट अलग राख्यो ।

... बाँकी पृष्ठ ७ मा


# आफ्नै बारेमा रामवृक्ष यादव



- » म विद्यार्थी जीवनबाट नै समाजसेवाप्रति चाख राख्ने गर्थें ।
- » ०२२ सालमा एसएलसी पास गरी गाउँकै प्राथमिक विद्यालयमा काम गर्न थालेँ ।
- » ०२५ सालमा नर्मल तालिम (वीरगन्ज) पास गरी गाउँकै विद्यालयमा प्रअको पदमा नियुक्त भएँ ।
- » आफ्नो पदप्रति बफादार रही गाउँसमाजका गरिब गुरुवाप्रति म सहानुभूति राख्ने गर्थें । उनीहरूलाई उनीहरूको हकअधिकारप्रति ज्ञात गराइरहन्थेँ ।
- » ०२९ सालमा म नेकपा चौथो महाधिवेशनको सम्पर्कमा आएँ ।
- » मेरो नेतृत्वमा ०३० सालमा बरमझियामा मजदुर समस्यालाई लिएर मजदुर हडतालमा वैशाखमा शान्तिसुरक्षाअन्तर्गत परेँ । जसमा बद्री कार्की, हेमबहादुर मल्ल र नगेन्द्रप्रसाद रिजालका सम्धी बद्रीप्रसाद कोइरालाको प्रमुख भूमिका थियो ।
- » मलाई शान्तिसुरक्षाअन्तर्गत राखी ०३० साल भदौमा सम्पूर्ण बरमझिया गाउँ लुट्नेजस्ता अपराध र आतङ्कपूर्ण काम गर्न मल्ल र कार्की सफल भए ।
- » ०३० साल कात्तिकमा म शा. सु. बाट निस्केपछि नेकपा चौम मेरो कामबाट प्रभावित भै ०३१ सालमा पार्टी सदस्यता दियो ।
- » त्यस बेलादेखि नै मैले सक्रिय रूपपमा पार्टीको काम गर्न पाएँ ।
- » शा. सु. बाट निस्केपछि पनि सरकारले मलाई कुनै कारण नबताई एक वर्षसम्म जागिरबाट अलग राख्यो ।
- » ०३२ मा मैले शिक्षा कार्यालयमा गई आवाज उठाउँदा र कारबाही चलाउँछु भन्दा पुनः मलाई आफ्नो पदमा बहाल गरी रा. प्र. वि. बडेहाबेला (धनुषा) मा पठायो ।
- » ०३४ सालमा सरूपवा भई रा. प्र. वि. (कुसुम बिछौना) आएँ । दुःख दिने काम भई नै रह्यो । त्यसै क्रममा ०३५ सालमा सिन्धुली जिल्लाको बोर्डरमा लोटा, दूधपानी र रा.प्रा.वि. मा सरुवा गऱ्यो ।
- » ०३५ साल मङ्सिरतिर बरमझियामा सामन्त र मजदुरको विरोधमा चारजना प्रहरी पठाई मलाई पक्राउ गऱ्यो । त्यसबेला जनताले मलाई खोसेका थिए । त्यसबेलादेखि म व्यवस्थाबाट र मल्ल, कार्कीको आतङ्कबाट खुला रूपमा पञ्चायतविरोधी क्रियाकलाप गर्न थालेँ ।
- » मेरो लोकप्रियताबाट प्रशासन त्रसित हुँदै गयो र विभिन्न जाल, षड्यन्त्र रच्न थाल्यो । त्यसैको परिणामस्वरूपप ०३५ साल कात्तिकमा घटित सिन्धुलीको रघुनाथ कोइराला हत्याकाण्डमा फसाउन चन्द, मल्ल र कार्कीको संयुक्त षड्यन्त्रमा १२ जना राइफलधारी पठाई पक्राउ गरी मलाई उक्त घटनासम्बन्धी खटेर आएको डोर सिन्धुलीमा पुऱ्यायो । तर सो डोरले कुनै कतैबाट उक्त घटनामा मलाई मुछ्न आधार पाएन ।
- » तर मेरो राजनीतिक पृष्ठभूमिका आधारमा राजकाज अपराधअन्तर्गत ०३५ पुस १ गतेदेखि ०३७ साल वैशाख ५ गतेसम्म जेलमा राखी राजबन्दी रिहामा छाड्यो ।
- » जनमतसङ्ग्रहको दिन पनि बहुदल पक्षमा रघुनाथपुर बुथमा बहुदल पक्षका अपार जनताको भीड देखेर स्थानीय प्रधानपञ्च हरिप्रसाद बरालले मल्लको निर्देशनमा सकैला थानाको प्रहरीबाट प्रक्राउ गराई बहुदल पक्षीय जनतामा आक्रमण गरी मलाई मत खसाल्नबाट पनि वञ्चित गरे । उक्त थानामा बिनापुर्जी मलाई दुई दिनसम्म लुकाएर राखी राति १० बजेतिर मलाई छोडेको थियो । पछि थाहा भयो मल्लले मार्ने षड्यन्त्र गरेको रहेछ तर असफल भयो ।
- » बहुदलको हार र निर्दलको जितपछि मल्लका लठैतहरूको जुलुस मेरो घरमा गई जहानपरिवारलाई कुटपिट गरी बीसौं हजारको सम्पत्ति लुटेर गयो । लुटमा मेरा अरू साथीहरू शोभित, विष्णुदेव आदि परेका थिए ।
- » म भूमिगत हुन बाध्य भएँ ।
- » ०३९ हो कि ०४० सालको जुडी मर्डर केसमा फसाउन षड्यन्त्र गरिएको थियो । त्यसपछि उक्त इलाकामा जुनसुकै घटनामा मलाई फसाउन थालियो ।
- » ०४० साल साउनमा बरमझियामा विष खाएर एकजना मर्दा त्यसमा फसाउन तत्कालीन प्रहरी प्रमुख रमेन्द्रदीप ढकालले बद्री कार्कीको निर्देशनमा मलाई उसका केही गुन्डाहरूले समाती खुट्टा भाँची रातभर प्रधानपञ्चकै घरमा थुनी भोलिपल्ट कार्की, पुण्यप्रतापसमेत डीएसपीले त्यहाँबाट मलाई जनकपुर ल्याई औषधिउपचार गराउन हस्पिटलमा राख्दा म भाग्न सफल भएको थिएँ ।
- » म २०३० सालदेखि नै चौथो माहाधिवेशनमा सक्रिय कार्यकर्ताका रूपमा काम गर्दै आएको थिएँ । २०४० सालमा आएर पार्टी विभाजन हुँदा म मोहनविक्रम समूहमा थिएँ ।
- » पुनः २०४१ सालको पाँचौं महाधिवेशनपछि पार्टीमा विभाजन हुँदा म नेकपा (मशाल) मा कार्यरत रहेँ ।
- » वर्तमान चालू केसमा पनि मलाई फसाउने काम मेरो जाहेरी बद्री कार्की र मल्लको भक्त भएको हुनाले नै राजनैतिक प्रतिशोधको भावनाले नै फसाइएको हो ।
- » २०३७ सालदेखि अहिलेसम्म डीएसपी कार्यालयबाट मेरो घर ४-५ पटक खानतलास भैसकेको थियो ।
- » २०३० सालको बरमझियाका मजदुर हडताल, २०३५ सालको राजकाज अपराध, २०३९ सालको जुगेडी खुन केस, २०४० सालको सवध यादवको घरको डकैती केस, जसमा जाहेरी सवध यादवको गोली लागेको छोरालाई मैले उपचार गराउन २,०००।- (दुई हजार) रूपैयाँ सङ्कलन गरी दिएको थिएँ । त्यसमा पनि इन्द्रबहादुर र मल्ल पक्षका डकैतहरूले मल्ल र कार्कीको निर्देशनमा मलाई पोल गरे । २०४५ साल भदौमा तत्कालीन खुन केस आदि सम्पूर्णमा मेरा जाहेरीहरू र प्रहरी प्रतिवेदनमा समेत मलाई पञ्चायत व्यवस्थाविरोधी कम्युनिस्ट भनी अभियोग लगाइएको छ ।

स्रोत : उत्सर्ग

# दलितमाथि उत्पीडन र समाधान



घननाथ सापकोटा 'विकास'

मानव समाज आदिम साम्यवाद जसलाई जङ्गली युग वा ढुङ्गेयुग पनि भनिन्छ बाट विकास भएर दासयुग, सामन्तवादी युग हुँदै वर्तमान पुँजीवादी युगसम्म आइपुगेको छ। मानवसमाज वैज्ञानिक समाजवाद हुँदै साम्यवादसम्म पुग्ने कुरा निश्चित छ। योभन्दा संसारका अगाडि वर्तमान सामैाज्यवादबाट पालित पोषित दलाल पुँजीवादले ल्याएको संकट समाधानको अर्को विकल्प छैन । संसारमा समाजवादका भ्रुणहरू जन्मेका पनि छन् । समाजवादी विचार र साम्राज्यवादको बीचमा भीषण संघर्षहरू चलिरहेका छन् । यस किसिमका संघर्षहरू कहिले उत्कर्षमा पुग्छन् त कहिले सामान्य अवस्थामा आदिम साम्यवादमा निजी सम्पत्तिको अवधारणा थिएन । समाज मातृसत्तात्मक थियो । आमाको नेतृत्वमा समाज चलेको थियो । विस्तारै मानव समाज ढुंगे युगबाट दास युगमा प्रलेश गऱ्यो । दास र मालिकमा समाज विभक्त भयो। निजी सम्पत्तिको अवधारणा सिर्जना गरियो। मालिकहरूले पढ्न पाउने अधिकार दासहरूमाथि शासन चलाउने सिंगो समाजको मालिक वा सर्वेसर्वा आफू बन्ने नियम कानुन बनाए। सबै उत्पादन निर्माण र जोखिमपूर्ण काम श्रमिकहरूलाई जिम्मा दिइयो। उत्पादित वस्तु र सम्पत्तिमाथि श्रमिकहरूको स्वामित्व नहुने भयो। सबै उत्पादित वस्तु र सम्पत्तिको स्वामित्व मालिकहरूमा गयो। मालिकहरूकै नेतृत्व र खटनपटनमा समाज चल्न थाल्यो। ती श्रमिकहरूलाई पूरै मालिकको सेवक बनाइयो। यतिसम्म कि उनीहरूलाई दासको दर्जा थमाइयो । हुँदा हुँदा त्यस्ता दासहरूलाई काममा गोरुलाई झैं जोताउन थालियो र पशुझैं मालिकहरूले खरिद बिक्री गर्न थाले। सोझै सम्पत्ति आर्जनको साधन बनाउन थाले। सबै उत्पादित वस्तु मुट्ठिभर मालिहरूको हातमा केन्द्रित हुनथाल्यो । उनी विलाशी जीवन जिउन थाले । समाज विस्तारै दासयुगलाई दासयुगबाट समाजवादी युगमा प्रवेश गऱ्यो । दासयुगको अन्त्यसँगै मालिकहरूले आफ्नो सत्तास्वार्थ र उत्पादनलाई व्यवस्थित बनाएर आफूलाई थप समृद्ध बनाउनको लागि मालिकहरूले ती श्रमिक दासहरूलाई श्रम विभाजनको नीति अगाडि सारे । एकाथरिलाई लुगा सिलाउनै जिम्मा दिइयो । कसैलाई कृषि औजार भाँडावर्तन बनाउने, कैलाई श्रृङ्गारका वस्तुहरू बनाउने त कसैलाई जुत्ता सिउने कसैलाई काठको काम त कसैलाई घर भवन निर्माणको जिम्मा दिइयो। कसैलाई खेतीपाती कसैलाई उद्योग कलकारखानामा काम गर्ने जिम्मा दिइयो भने कसैलाई फोहोर फाल्ने जिम्मा दिइयो। यसरी सारा श्रमिकहरूलाई यावत कामको जिम्मा दिएर जसबाट आएको प्रतिफल समाजका टाठाबाठा उच्च घराना सत्ताका मालिकहरूले चैनका साथ उपभोग गर्न थाले। समय बित्दै जाँदा अझ शोषणको जालो कसिलो बनाएर मालिकहरू श्रमिकमाथि शोषण गर्नको लागि पेसा अनुसार समाजलाई विभिन्न जातमा विभाजन गरियो। लुगा सिउनेलाई दमाई, भँडा वर्तन बनाउनेलाई कामी, जुत्ता सिउनेलाई सार्की, फोहोर उठाउने फाल्नेलाई पोडे, चमार, गाउने नाच्नेलाई गाइने, गरगहना बनाउनेलाई सुनार, विभिन्न निर्माण तथा उद्योग कलकारखानामा काम गर्नेहरूलाई तल्लो दर्जाको कोटीमा राखियो। त्यतिमात्र होइन, श्रममाथि शोषणको जालो अझ मजबुत र कसिलो बनाउन यो धर्ती र मानव समाजलाई निर्माण परिवर्तन र हराभरा बनाउने ती मजदुर दमाई, कामी, सार्की पोडे, चमार, सुनार, गाइने आदि जातिहरूर्लाइ समाजको तल्लो दर्जाको नागरिकको कोटीमा राखियो। यतिमात्र होइन उनीहरूलाई निज जात दलित उनीहरूको हातको पानी पनि नचल्ने बनाइयो। मालिक र माथिल्लो जातको घरमा पस्न पनि नहुने मालिकका घर भाँडा वर्तनमा खाना खान पनि नहुने। हुँदा हुँदा उनीहरूलाई छुन पनि नहुने कथंकदाचित छोइयो भने सर्वाङ्ग नुहाएर चोखो हुनुपर्नेसम्मको नियम बनाए। उनीहरूले बनाएको घरमा बस्न नहुने उनीहरूले बनाएको भाँडा वर्तनमा मिठो मिष्ठान्न पकाएर खान हुने, उनीहरूले सिलाएको कपना गहना लगाउन हुने तर उनीहरूलाई छुन पनि नहुने कस्तो ? यस्तो छ शोषणको पराकाष्ठा जसले सीप लगाएर कपडा सिलाएर सारा जनतालाई सुरक्षा प्रदान गर्दछ, चिटिक्क बनाउँछ ऊ कसरी दलित हुन्छ ? जसले सम्पूर्ण निर्माण र उत्पादनमा चाहिने भाँडा वर्तन बनाउँछ ऊ कसरी कामी र अछुत भयो ? जसले मानव जातिको गोडाको सुरक्षा गर्ने जुत्ता सिलाउँछ उसलाई सार्की भनियो उ कसरी दलित भयो ? गाउँ टोल शहर बजारको फोहोर फालेर सफाई राख्ने पोडे चमार भए ? कसरी यिनीहरू दलित भए ? विभिन्न चाड पर्वमा उत्सव नाचगान गरेर समाजलाई मनोरञ्जन दिनेह कसरी गाइने भए ? विभिन्न खेतबारी उद्योग कलकारखानामा काम गर्ने श्रमिकहरू कसरी तल्लो दर्जाको नागरिक भए ? यसकारण साँच्चै यो धर्तीमा पसिना सिंचेर सिंगो मानव समाजलाई पालन पोषण गर्ने र यो धर्तीलाई हराभरा बनाउने मान्छेहरू कुनैपनि हालतमा दलित निच जात वा सानो जात हुन सक्दैनन् यिनीहरू त यो धर्तीका महान् मान्छेहरू हुन् ।

शासन तथा उच्च ब्राह्मणवादी मालिकहरूले आफ्नो स्वार्थको लागि र उत्पादनमाथि आफ्नो प्रभुत्व कायम राख्दै ऐस आराम र विलासी जीवन जिउनको लागि श्रमिक जनतामाथि उचनिच जाजमा विभाजन गरिएको हो। कुनैपनि हालतमा सभ्य र वैज्ञानिक समाजले काम श्रम र सीपको आधारमा विभाजन गरेको उचनिज जातलाई स्वीकार्न सक्दैन। यसकारण माथि नै भनिसकिएको छ यि दलितको कोटीमा राखिएका श्रमिक यस धर्तीका उच्च कोटीका महान मान्छेहरू हुन् जसको पसिना यो धर्तीको मानव समाज बाँचेको छ। एकछिन कल्पना गरौं त ! यी बहादुर मान्छेहरू नभइदिएको भए यिनको सीप र पसिना यो धर्तीमा नपोखिएको भए मानव समाज कस्तो हुने थियो होला ? यस्ता मानिसहरूलाई कसरी दलित र निचजात बनाइयो ? यसको पछाडि ठूलो षड्यन्त्र छ, शोषणको जालो छ। सारा उत्पादन गर्ने निर्माण गर्ने लुगा, जुत्ता सिलाउने, भाँडा बनाउने, नाचगान गर्ने जातिहरूको पेट भोको छ, जिउ नाङ्गो छ। जसले श्रमको नाममा सिन्को पनि उठाएको छैन उसको हातमा सम्पत्तिको थुप्रो छ। बिलासी जीवन बिताएको छ। यसैकारण जनकलाकार खुशीराम पाख्रिन आफनो भाकामा यसरी गुन्गुनाउँछन् -

काम गर्ने भोकै मर्ने के को यस्तो चाल हो
लुगा सिउने नाङ्गै हुने फटाहाकै जाल हो
काम सक्यो ज्याला सक्यो हाम्रो खल्ती रित्तै
सामन्तको मोटरले चढाउँदैन सित्तै

यसकारण एक्काइसौं शताब्दिका दलितहरू त यि हुन् जसले आफ्नो निजी स्वार्थ र सत्ताभत्ताको लागि आफ्नो देशको राष्ट्रियता विदेशीलाई सुम्पन्छन्। विभिन्न प्रकारमा राष्ट्रघाती सन्धि सम्झौताहरू गर्छन्। विभिन्न कालमा विभिन्न बुँदे राष्ट्रघाती सम्झौता गरेर देशलाई सिक्किमीकरणतिर लैजान खोज्नेहरू खाँटी दलित हुन्। यि निच मान्छेहरू हुन् यिनीहरू देशका कुलंगार हुन् नेपाली जनताले छुन पनि नपाउने गरेर गण्डकी भारतलाई सुम्पनेहरू महाकाली, कोशी, कर्णाली विदेशीलाई बुझाउनेहरू। देशको दक्षिणी सिमा सयौं ठाउँमा भारतले मिच्दा र जंगे पिलरहरू गायब बनाउँदा राष्ट्रियताको विषयमा एकशब्द नबोल्नेहरू मोदीले लिपुलेक निल्दा केही बोल्न नसक्ने उल्टो मोदीको पाउमा दण्डवत गर्नेहरू भारतीय सेना नेपाली भित्र पसेर निर्दोष नेपाली नागरिकको प्राण पखेरु उडाउँदा एक शब्द बोल्ने हिम्मत नगर्ने र उल्टो सुरक्षाकर्मीले गिरफ्तार गरेर राखेका भारतीय सुरक्षाकर्मीहरूलाई स-सम्मान देश फर्काउने । राष्ट्रियताको पहरेदार गर्दागर्दै विदेशीको हातबाट मारिएका गोविन्द गौतमहरूलाई सुरक्षाको प्रत्याभूति गराउनुको साथै उक्त विषयमा एक शब्द बोल्न नसक्नु देशको सिमा रक्षाको लागि लड्ने देवनारायण यादवहरूको टाउको फोरिंदा र कर्तव्य पालनको जिम्मेवारी पूरा गर्दागर्दै नेपाली सुरक्षाकर्मीको भारतीय सुरक्षाकर्मीद्वारा टाउको फोरिंदा रमिता हेर्ने शासकहरू एक नम्बर दलित र निज मान्छेहरू हुन् ।

सत्ता र पदमा बसेर भ्रष्टाचार गर्नेहरू भूकम्पपीडितलाई आएको राहत सामाग्री आफ्नै झोलामा हाल्ने शासकहरू कमिशनको खेलमा भएको ऊर्जाशक्तिलाई दुरुपयोग गरेर देशलाई १८ घन्टाको लोडसेडिङको मारमा पार्नेहरू पनि यो देशका निच मान्छेहरू हुन् । यस्ता भ्रष्टाचारीहरूलाई सबै नेपाली जनताले बहिष्कार गर्नुपर्दछ र देशमा चिहान पनि दिनुहुन्न । यिनीहरू एक नक्बरका अछूत हुन् । साथै आफैले बनाएको नियम कानुन अन्तर्गत् भएको चुनावमा आफ्ना परिवारका सदस्य हार्ने सम्भावना देखेपछि जनताको मतलाई अनादर गर्दै मतपत्र च्यात्न आदेश गर्ने र च्यात्नेहरू पनि निच विचार भएका निच मान्छेहरू नै हुन् ।

*(लेखक : नेकपा (क्रान्तिकारी माओवादी) का नेता हुन् ।)*

# राहत तथा उद्धारमा जुट्दै नेकपाका नेता–कार्यकर्ता

■ **रातो खबर संवाददाता**/काठमाडौं



अविरल वर्षाका कारण बाढी र पहिरोबाट ज्यान गुमाउनेको संख्या ४९ पुगेको गृह मन्त्रालयले जनाएको छ भने १७ जना बेपत्ता भएका छन् । सुनसरीमा ८ जनाको मृत्यु भएको छ भने रौतहटमा ७, मोरङमा ७ जना र सिन्धुलीमा ४ जनाले ज्यान गुमाएका छन् । राष्ट्रिय आपतकालीन केन्द्रका अनुसार १३ जना घाइते भएका छन् भने पनि घाइतेको संख्या दोब्बर हुन सक्ने विज्ञहरू बताउँछन् । साथै देशभरी बाढी पहिरोबाट जन धन क्षती भएको दुःखद आपतविपतमा नेकपाका, प्रवक्ता, प्रकाण्डको प्रेस विज्ञप्तिको पूर्णपाठ - देशमा तीन चार दिन अगाडिबाट भैराखेको अविरल वर्षा र त्यसले पुऱ्याएको क्षतिबारे पार्टीको धारणा सार्वजनिक गर्न यो प्रेस विज्ञप्ति जारी गरिएको छ -

- विगत केही दिनदेखि देशमा भीषण वर्षा भैराखेको छ । उक्त वर्षाका कारण बाढी, पहिरो र डुबानको समस्या आतंकपूर्ण भएको छ । बाढी, पहिरो र डुबानका कारण सुनसरी, सर्लाही, बाँके, सिन्धुली, धनुषा, झापा, मोरङ, पाँचथर, दाङ, बर्दिया, बारा, मकवानपुर, पाल्पा, चितवनलगायत देशैभरी तीन दर्जन भन्दा बढी नागरिकहरूले ज्यान गुमाइसकेका छन् । सयौंको संख्यामा जनता र हजारौंको संख्यामा गाउँ बस्तिहरू डरलाग्दो गोखिममा छन् । ठूलो संख्यामा धनजन र भौतिक पूर्वाधारहरूको क्षति भएको छ । अतिवृष्टिका कारण ज्यान गुमाउनु हुने नेपाली ज्ञातअज्ञात नागरिकहरूप्रति हाम्रो पार्टी भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ । उहाँका आफन्तजनहरूलाई शोकलाई शक्तिमा बदल्न विशेष आग्रहसहित गहिरो समवेदना व्यक्त गर्दछ। सम्पती र भौतिक पूर्वाधारको क्षतिबाट पारिवारीक पीडासँग जुधिरहनु भएका जनताहरूप्रति पार्टी एक्यवद्धता जाहेर गर्दछ। जोखिममा रहेका जनताको यथाशक्य उद्धार र पीडितहरूलाई राहत एवं उचित व्यवस्थापन गर्न हाम्रो पार्टी सरकारसँग जोडदार माग गर्दछ ।
- राज्य र त्यसका संचालकहरू जनताप्रति उत्तरदायी नहुँदा जनताले आफ्नो आधारभूत आवश्यकताको दैनिक परिपूर्तिका निम्ति प्रति दिन र प्रति घण्टा जोखिमसँग खेल्न बाध्य हुनु परेकोछ । जनताको बास असुरक्षित एवं जोखिमपूर्ण छ, जनता भोकै, नाङ्गै बाँच्न विवश छन् । शिक्षा, स्वास्थ्य र रोजगारी एकादेशको कथा भएको छ भन्ने कुरा शासकहरूले नदेख्दा र नसुन्दा प्राकृतिक विपत्ती आउँदा अकल्पनीय धनजनको क्षति देशले बेहेर्नु पर्छ । बडो विडम्वना विकसित राष्ट्रहरू समुन्द्रमाथि बस्ती बसाउँछन्, नेपालमा जनता बसेको बस्ती डुवानमा परेर जनता मर्छन् । राज्य र शासकहरू जनताका नहुनु यसको मूल कारण हो । यसर्थ अब नेपाली जनतालाई आफ्नो राज्यसत्ता र शासन व्यवस्था रातारात चाहिन्छ ।
- यो विपतको घडीमा पीडित जनताको उद्धार र राहतको कार्यमा सक्रियता र दृढतापूर्वक लाग्न सिङ्गो पार्टी पंक्तिलाई केन्द्रीय कार्यालय विशेष निर्देशन गर्दछ ।

# क्यान्सर अस्पतालको भित्री रहस्य

**दिपक ढकाल**

क्यान्सर अस्पतालको भित्री रहस्य चितवनमा रहेको एशियाकै दोश्रो ठूलो र नमूना वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल विगत केही वर्ष यताबाट लथालिङ्ग र भद्रगोल अवस्थामा गुज्रिरहेको छ । नेपालको गौरव र चितवनको शानको रुपमा परिचित क्यान्सर अस्पताल आफैंमा क्यान्सर ग्रस्त रुपमा तड्पिराखेको लामो समय भइसक्यो । तर पनि यसको जगेर्ना र सुधारको लागि सरोकारवाला पक्ष, सरकारी पक्ष र चितवनका कुनै पनि राजनैतिक दलले चासो दिएको पाइँदैन । यसलाई केवल दुहुनो गाईको रुपमा उपयोग गरेर आफ्ना महलहरू ठड्याउनै व्यस्त छन् । भित्रका कर्मचारीहरू पनि उस्तै छन् भने अर्कोतिर नेपालमा अवस्थित जति पनि



चिनियाँ लगानीमा संचालित सरकारी संस्थाहरू छन् । त्यसलाई ध्वस्त पार्न भारतीय विस्तारवाद र त्यसका दलालहरू हात धोएर लागि परेको देखिन्छ । त्यस्ता उदाहरण धेरै छन् । चितवन कृष्णपुरस्थित क्यान्सर अस्पताललाई पनि ध्वस्त पार्ने निजी चलखेल भारतीय दलालहरू निकै सलबलाएको पाइन्छ। जसको ज्वलन्त उदाहरण भक्तपुर क्यान्सरलाई लिन सकिन्छ।

जहाँ भारतीय लगानी र तिनकै दलालहरूको लगानी देख्न सकिन्छ भने तिनै व्यक्तिहरू वी.पी. मेमोरियल क्यान्सर अस्पतालको प्रमुख पदहरूमा बसेर काम गरिरहेको पाइन्छ । भक्तपुर क्यान्सर अस्पतालका डाइरेक्टर भएका डा. प्रकाशराज न्यौपाने चितवन क्यान्सर अस्पतालका अध्यक्ष भएर चलाएका छन् भने चितवन क्यान्सर अस्पतालमा रेडियोलोजी प्रमुख भएर बसेका डा. अन्जनीकुमार झा पुरै समय भक्तपुरमा बिताउछन्। अनि महिनाको एक पटक तलब लिन चितवन देखा पर्दछन्। अनि कसरी आशा गर्ने यिनीहरूबाट सुधार र वी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पतालको प्रगती र जनताले पाउने सहज सेवा सुविधाको अपेक्षा। हुन त वर्तमानमा डा. प्रकाश भक्तपुरको डाइरेक्टरबाट बाहिरिएका हुन् भने डा. अन्जनी वी.पी.कोइराला क्यान्सर अस्पतालको रेडियोलोजी प्रमुखबाट हटेका हुन् । तर चितवन क्यान्सर अस्पतालको रेडियोलोजी विभाग उनकै इशारामा चलिरहेको छ।

पुराना कुनै पनि मेशिन चालु अवस्थामा छैनन् र बनाउने चासो विगतदेखि कसैले गरेको पाइँदैन । किनकी नयाँ खरिदमा कमिशनको ठूलो हिस्सा कसरी आफ्नो हात पार्न सकिन्छ भन्नेमा नै सबैको ध्यान गएको पाइन्छ ।यसको सुधारको लागि विगत लामो समयदेखि हामीले क्यान्सर अस्पताल बचाउ अभियान चलाइरहेका छौं । तर तत्कालिन कार्यकारी निर्देशक डा. सी.वी. पुन र अध्यक्ष डा. प्रकाशले खासै चासो नदेखिएको र बाहिर बसेर क्यान्सर अस्पताललाई दुहुनु गाई बनाएर मोटाउन पल्केकाहरूको खुट्टा तान्ने प्रवृत्तिका कारण अपेक्षित सुधार हुन सकेको छैन तर हाम्रो खबरदारी जारी छ ।हाल आएर केही महिना अगाडीबाट कार्यकारी निर्देशक डा. विजयचन्द्र आचार्य नियुक्त भएका छन्। विवादितरुपबाट निर्देशक भएका उनी विरुद्ध आदालतमा मुद्धा परेको अवस्था छ। उनी भन्दा धेरै वरिष्ठलाई पाखा लगाएर आफू कार्यकारी बन्नुमा ठूलै आर्थिक चलखेल अनि गुटबन्दी छ भन्ने सुन्न पाइन्छ। जब उनी कार्यकारी बने त्यस पछिका दिनहरूमा आंशिक सुधार भएको पाइन्छ तर जुन कुरामा विशेष सुधारको अपेक्षा छ त्यो हुन सकेको पाइँदैन। उनी कार्यकारी भएपनि डा. अन्जनीको इशारामा चलेको पाइन्छ । जसका कारण सानातिना कुराहरू माथि सुधार गरेको जस्तो देखिए पनि विरामीमा प्रत्यक्ष सरोकार राख्ने रेडियोलोजी २३०० को मेशिन विगारिएकै अवस्थामा छ भने बाँकी थेरापी (भित्री सेकाई गर्ने) मेशिन कोवल्ट मेशिन हालसम्म चालु छैन। भित्री सेकाई गर्ने हाल पनि बिरामीलाई भक्तपुर रिफर गरिन्छ। विगत जस्तै संचालक समितिको बैठक काठमाडौंमा नै गर्ने गरिन्छ। काठमाडौंको रामशाहपथमा क्यान्सरको सम्पर्क कार्यालय खोलिएको र सबै निर्णय त्यहीँ बसेर गर्ने गरेको जनमानसमा व्यापक गुनासो सुन्न पाइन्छ। जबकी सम्पर्क कार्यालय खोल्नु वैधानिक नभएको जानकारहरू बताउँछन् ।

अस्पताल एक राजनीति गर्ने थलोको रुपमा परिणत भएको पाइन्छ । आफ्ना आसेपासे र चम्चेहरूलाई नियम विपरित बढुवा गरिएको र विगत ८-१० वर्षदेखि काम गरिराखेका कर्मचारीलाई स्थायी नगरिएको अवस्था देखिन्छ। रेडियोलोजी र थेरापी विभागमा मात्र लगभग ९५-१००५ भत्ता बढाइएको र कर्मचारीबीच विभेद गरिएको पाइन्छ भने प्रशासनिक विभागमा पनि आफ्ना मान्छेहरूको हालीमुहाली चलाइएको

... बाँकी पृष्ठ ७ मा

# जादुमयी यथार्थवाद

पाई शि

लामो समयसम्म, टाढा टाढाका असंख्य सहरहरूको कुटनीतिक भ्रमणमा व्यस्त हुनु भएका चिनियाँ प्रधानमन्त्री लि खछ्याङले सन् २०१३ मा कार्यभार सम्हालेपछि गर्नुभएको ल्याटिन अमेरिकाको पहिलो राजकीय भ्रमणले स्वदेश र विदेशमा समेत ध्यानाकर्षित गरेको छ।

ब्राजिल, कोलाम्बिया, पेरु र चिलीको मे १८ देखि २६ सम्मको नौदिने भ्रमण अवधिमा विभिन्न क्षेत्रमा भएका सहमति र सम्झौताले चीन र ल्याटिन अमेरिकाबीचको सम्बन्धले नयाँ उचाई हासिल गरेको छ।

तीन दशकमा चीनको आश्चर्यजनक आर्थिक वृद्धिसँगै समानान्तर ढंगले ल्याटिन अमेरिकासितको व्यापार वृद्धि हुनुका साथै ती दुई देशबीचको सम्बन्ध पनि सुखद् रहेको छ। गएको जुलाईमा ब्राजिलमा भएको चीन ल्याटिन अमेरिका र क्यारेबियाली शिखर सम्मेलनमा चीन ल्याटिन अमेरिका सम्बन्धको विकास र सहयोगको पाँच क्षेत्र राजनीति, अर्थतन्त्र र व्यापार, जनस्तरीय साँस्कृतिक आदान प्रदान, विश्व मामला, बहुपक्षीय र दुईपक्षीय सम्बन्धबारे चिनियाँ राष्ट्रपति सि जिङपिङले खाका प्रस्तुत गर्नु भएको थियो।

जनवरीमा चीन-(ऋभीब्ऋ) (ल्याटिन अमेरिका र क्यारेबियाली क्षेत्रको समुदाय) फोरमको पेइचिङ्गमा प्रथम मन्त्रीस्तरीय भेलामा सबै पक्षबीचको सम्बन्धमा नयाँ अध्याय सुरु भयो। पहिले भइसकेका विभिन्न प्रयासको आधारमा सम्बन्धलाई बलिया बनाउन चिनियाँ प्रधानमन्त्रीको ल्याटिन अमेरिका भ्रमणलाई प्रमुख कदमको रुपमा हेरिएको छ।

**३/३ प्रारुप**

चीन-ल्याटिन अमेरिका सहयोगको असंख्य सम्भावित लाभ हासिल गर्न आवश्यक कामलाई चिनियाँ प्रधानमन्त्रीको यस भ्रमणले सहयोग पुऱ्याउनेछ। उत्पादन क्षमता वृद्धि गर्नको लागि चाहिने सहयोगको लागि सहमतिमा पुग्न चिनियाँ प्रधानमन्त्रीको चारदिने राजकीय भ्रमण मुख्य विषय रहेको थियो। प्रधानमन्त्रीको भ्रमणको माध्यमबाट चिनियाँ उत्पादन तथा प्रविधि एकपटक फेरि अन्तर र्राष्ट्रिय बजारमा पुगेको छ।

ल्याटिन अमेरिका भ्रमणको पहिलो भूमि ब्रासिलामा प्रधानमन्त्रीले ब्राजिलका राष्ट्रपति डिल्मा रुसेफसँग २७ अरब डलर बराबरको ३५ वटा व्यापारिक सम्झौता गरेका थिए। खानी, प्रविधि र वित्तिय क्षेत्रसमेतको आधा घण्टाको हस्ताक्षर समारोहमा दुवै देशका उद्योग र व्यापारका प्रतिनिधिको उपस्थिति थियो।

१९ मेमा ब्रासिलामा भएको चीन-ब्राजिल व्यापार सम्मेलनमा उत्पादन क्षमता वृद्धि गर्ने चीन-ल्याटिन अमेरिका सहयोगको नयाँ ३/३ प्रारुपलाई प्रधानमन्त्रीले प्रस्तुत गरेका थिए। प्रधानमन्त्रीको विचारमा चीन-ल्याटिन अमेरिका र क्यारेबियाली मुलुकले जिन्सी, ऊर्जा र सूचनाजस्ता क्षेत्रको संयोजनलाई जोड दिनुपर्छ। उनका अनुसार दुवै पक्षले कोष, कर्जा र बिमासहितको वित्तिय स्रोतलाई विस्तार गर्नुपर्छ।

पेइचिङ्गस्थित रेनमिन विश्वविद्यालयका अन्तर्राष्ट्रिय मामलाका निर्देशक वाङ यिवेइले मे. २६ को 'पिपुल्स डेली' मा लेखेका थिए, 'संयुक्त लगानी र पूर्वाधार निर्माणमा सहयोगको माध्यमबाट ३/३ प्रारुपको उद्देश्य चीन, ल्याटिन अमेरिका र क्यारोबियाली मुलुकबीचको सम्बन्धलाई अझ बलियो बनाउनु हो।'

औजार निर्माण र उत्पादन क्षमता अभिवृद्धिमा चीन-ल्याटिन अमेरिका सहयोगलाई प्रवर्द्धन गर्न चीनले ३० अरब डलरको विशेष कोष खडा गर्ने पनि प्रधानमन्त्री लि ले सम्मेलनमा घोषणा गरे।



ब्राजिल भ्रमणको क्रममा चिनियाँ प्रधानमन्त्री ली कछ्याङ ब्राजिलका राष्ट्रपति डिल्मा रुसेफसँग हात मिलाउँदै (मे १९ २०१५)

ब्राजिल, रुस, भारत, चीन र दक्षिण अमेरिका सम्मिलित सङ्गठन 'ब्रिक्स'को माध्यमबाट हालसालैको वर्षमा दुईपक्षीय र बहुपक्षीय मामलामा ब्राजिल-चीनको महत्वपूर्ण साझेदार भएको छ। ल्याटिन अमेरिकामा ब्राजिल चीनको सबभन्दा ठूलो व्यापारिक साझेदार भएको छ। चिनियाँ भन्सार विभागको तथ्याङ्क अनुसार सन् २०१४ मा चीन र ब्राजिलबीचको दुईपक्षीय व्यापार ८६.६७ अरब अमेरिकी डलर पुगेको छ।

दुई देशको तुलनात्मक लाभ फरक-फरक क्षेत्रमा रहेको हुँदा चीन र ब्राजिलबीचको औद्योगिक सहयोगको आवश्यकता झन् बलियो भएको छ। गएको वर्ष राष्ट्रपति सिको भ्रमणमा ब्राजिलको प्रमुख हवाइजहाज निर्माता इक्बेअर एस.ए. बाट चिनियाँ खरिदकर्ताले ६० वटा यात्रुबाहक विमा अर्डर गरेको थियो। त्यसमध्ये २२ वटा विमान प्रधानमन्त्रीको भ्रमणमा स्वीकृति प्रक्रिया पूरा गरेको थियो। यसैबीच ब्राजिलमा चिनियाँ सामानको पनि आकर्षण रहेको छ।

ब्राजिलको दोस्रो ठूलो सहर रियो डि जेनेरियोमा अर्को वर्ष हुने ओलम्पिकको लागि जोडतोडका साथ तयारी हुँदैछ। खेलप्रेमी, स्वदेशी तथा विदेशी पाहुनाको हुललाई होटल र आवासबाट खेलग्रामसम्म पुऱ्याउन र ल्याउन यस सहरले सार्वजनिक यातायातको अवस्थालाई धेरै सुधार गर्नु आवश्यक छ। सार्वजनिक यातायातमा चिनियाँ कम्पनीले उच्चस्तरको मेट्रो ट्रेन र बस उपलब्ध गराएर योगदान गरेको छ।

ब्राजिल भ्रमणमा प्रधानमन्त्री लिने रियोमा परिक्षणमै रहेको चीनमा निर्मित मेट्रो र पानीजहाजमा यात्रा गरेका थिए। तटिय सहरको सामुद्रिक यातायात क्षमतालाई बढाउन सन् २०१३ मा रियो राज्य सरकारले चिनियाँ जहाज कम्पनीबाट ७ वटा पानीजहाज खरिद गरेको थियो। चीनमा बनेको पहिलो पानीजहाजको प्रयोग गएको सालमा मात्र भएको थियो। चीनको प्रमुख रेल निर्माण कम्पनी सीएनआर कर्पोरेशनले मे २५ सम्ममा रियो सहरका सम्पूर्ण ९० वटा भूमिगत रेल हस्तान्तरण गरिसकेको छ। ओलम्पिकको समयमा यो नयाँ मेट्रो ट्रेन प्रयोगमा आउनेछन्।

ल्याटिन अमेरिकी बजारमा चिनियाँ कार निर्माताले पनि राम्रो प्रभाव पारिरहेको छ। उदाहरणका लागि चेरी अटोमोबाइल कम्पनीले सन् २०१४ मा साओपाउलो सहरमा उद्योग खोलेको थियो। बढ्दो बजारलाई ध्यानमा राखेर जेएसी मोटर कम्पनीले पनि यस वर्ष ब्राजिलमा लगानी विस्तार गर्दैछ। अरु ल्याटिन अमेरिकी बजारमा पनि चिनियाँ कार कम्पनीको उपस्थिति उल्लेखनीय मात्रामा बढिरहेको छ।

चिलीका लागि चिनियाँ राजदूत लि पाओर ोङङले पिपुल डेलीलाई भनेका थिए - 'पहिलोपटक चिली पुग्दा त्यहाँको सडकमा चिनियाँ गाडी देख्दा छक्क परेको थिएँ।' सन् २००७ मा 'हाभल एसयूभी' कार चिलीको सडकमा देखापरेदेखि २० भन्दा बढी चिनियाँ कार कम्पनीले चिलीमा शोरुम खोलेका छन्। चिलीको कार बजारमा चिनियाँ कार कम्पनीको १५ प्रतिशत बजार हिस्सा रहेको छ। यसैबीच चिलीबाट धेरै सामान चीनमा आयात भइरहेको छन्। ९५ प्रतिशत ब्लुबेरी र तीन चौथाइ चेरी चिलीले चिनियाँ बजारमा निर्यात गर्छ।

ल्याटिन अमेरिकामा चिनियाँ कम्पनीले प्रविधिभित्र ल्याएको छैन बरु स्थानियको लागि रोजगारको अवसर पनि सिर्जना गरेको छ। चेरी ब्राजिलका प्रबन्धक फङ्ग चिएनले सिन्हवा समाचार समितिलाई जनाएअनुसार ब्राजिलको चेरीको शाखामा ७० प्रतिशत श्रमिक स्थानिय छन्।

**खुला व्यापारको**

लिका अनुसार सन् २००५ मा चिली र चीनबीचको खुला व्यापार सम्झौता भएदेखि दुईपक्षीय व्यापारमा भएको वृद्धि लाभदायक भएको छ। वास्तवमा ल्याटिन अमेरिकामा चिली नै पहिलो मुलुक हो जसले चीनसँग दुईपक्षीय व्यापार सम्झौतामा हस्ताक्षर गरेको थियो जसमा वस्तुदेखि सेवा र वित्तिय क्षेत्रसम्म रहेको छ।

सन् २०१० मा दुईपक्षीय सम्झौता भएदेखि चीनसँगको स्वतन्त्र व्यापार सम्झौताले पेरुलाई पनि उल्लेखनीय लाभ मिलेको छ। सन् २०१४ मा दुई देशबीचको व्यापार १४.३२ अरब अमेरिकी डलर पुगेको थियो। त्यस वर्षको अन्त्यसम्ममा पेरुमा चिनियाँ लगानी १४.२४ अरब अमेरिकी डलर पुगेको थियो। पेरु ल्याटिन अमेरिकामा ठूलो संख्यामा चिनियाँ समुदाय रहेको देश पनि हो।

अन्तरमहादेशीय रेलमार्ग प्रस्तावमाथि सम्भाव्यता अध्ययन गर्ने सम्झौतामा पुग्नु प्रधानमन्त्री लिको लिमा भ्रमणको एउटा महत्वपूर्ण उपलब्धि हो। प्रस्ताविक रेलमार्गले पेरुको प्यासिफिक तटले ब्राजिलको एट्लान्टिक तटलाई जोड्ने छ। सन् २०१४ मा चीन, ब्राजिल र पेरुका शीर्ष नेताहरूले उक्त परियोजनामाथि छलफल गरेका थिए।

रेलमार्गसँगै रहेका क्षेत्रको आर्थिक विकासको सम्भाव्यतालाई ध्यानमा राखी दक्षिण अमेरिकामा औद्योगिकीकरण र सहरीकरणलाई तीव्रता दिन परियोजनको सफलताको निम्ति अत्यधिक प्रयास गर्न तीन राष्ट्र सहमत भएका छन्। मे २२ मा पेरुका राष्ट्रपति ओलान्टा हुमालासँगको वार्तापछि भएको पत्रकार सम्मेलनमा वातावरणीय संरक्षण र पर्यावरणीय विविधतालाई जोगाएर परियोजनलाई अगाडि बढाउनुपर्नेमा प्रधानमन्त्री लि ले जोड दिए।

चीन र कोलम्बियाले स्वतन्त्र व्यापार सम्झौतामाथि सम्भाव्यता अध्ययन सुरु गरेका छन्। चिनियाँ सामाजिक शिक्षाको ल्याटिन अमेरिकी संस्थाका अनुसन्धानकर्ता छि फङ्गथिएनले भने, 'प्रधानमन्त्री लिको भ्रमणले वार्ताको प्रगतिलाई तीव्रता दिने छ।'

चिनियाँ राज्य परिषद्को वेभसाइटअनुसार चिनियाँ प्रधानमन्त्रीको भ्रमणको बेला २४ घण्टे युद्धविराम गर्न कोलम्बियाली सरकारी सेना र विद्रोही समूहबीच सहमति भएको थियो। राजधानी बोगोटामा प्रधानमन्त्री लिसँगको भेटमा युद्धपछिको पुनः निर्माण र कोलम्बियाको समग्र आर्थिक तथा सामाजिक विकासको लागि चीनको सहयोग निश्चित रुपमै परिचालित हुन सहायक हुनेछ भनेर कोलम्बियाली राष्ट्रपति जुआन म्यानुयल सान्टोसले विश्वास व्यक्त गरे।

छिले भने, 'अहिले सरकारी सेना र विद्रोही समूहबीच घरेलु शान्ति सम्झौता हुने आशा गरिएको छ जुन चीन र कोलम्बियाबीचको सहयोगको लागि अवसर हुनेछ।' घरेलु सुरक्षा चुनौती भएतापनि सन् २०१० देखि २०१४ सम्म औसत ५ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्न कोलम्बिया सफल भएको छ। त्यति नै समयावधिमा चीन र कोलम्बियाबीचको व्यापार पनि तीव्र दरले बढिरहेको छ। सीएसएसका छी भन्नुहुन्छ, कोलम्बियाको हालैको आर्थिक वृद्धिका दुईटा प्रमुख कारण छन्। पहिलो, खानी, पूर्वाधार विकास, कृषि र उद्योगमा विदेशी लगानी आकर्षित गर्न सान्तोष सरकारले आर्थिक प्रोत्साहन दिइरहेको छ। यसका अलावा मुलुकमा व्यापारिक संलग्नता बढाउने उपाय अपनाइएको छ। दोस्रो, सरकारको शान्तिप्रतिको विशेष जिम्मेवारीबोधले गर्दा कोलम्बियामा सुरक्षा स्थिति सुधार हुँदै गइरहेको छ।

**जनस्तरीय आदानप्रदान**

पुरानो चिनियाँ भनाइ छ, 'दुई मुलुकबीचको बलियो सम्बन्धको साँचो नै जनताबीचको सद्भाव हो।'

आर्थिक र व्यापारबाहेक, प्रधानमन्त्री लिको ल्याटिन अमेरिका भ्रमणले जनस्तरीय आदानप्रदान र साँस्कृतिक क्षेत्रमा रहेको सम्बन्धलाई अझ प्रगाढ बनाएको छ। व्यस्त तालिकापछि पनि प्रधानमन्त्री लि ले यस्ता धेरै कार्यक्रममा भाग लिएका थिए। मे २२ मा बोगाटामा भएको चीन-ल्याटिन अमेरिका साँस्कृतिक आदानप्रदान विचार गोष्ठीमा प्रधानमन्त्री लिले चीन, कोलम्बिया र ल्याटिन अमेरिकाबीचको सहयोगलाई साँस्कृतिक तहमै बढाउन आह्वान गरे।

विचार गोष्ठीमा दुई देशका कला र साहित्यसँग सम्बन्धित एक सयभन्दा बढी व्यक्तित्वहरूको उपस्थिति थियो। गोष्ठीमा साहित्यमा नोबेल पुरस्कार विजेता मो यानले कोलम्बियाका लेखक नोबेल पुरस्कार विजेता ग्राबियल गार्सिया मार्खेजका महान पुस्तकबाट प्रभावित भएको विचार व्यक्त गरे। त्यसको प्रत्युत्तरमा राष्ट्रपति सान्तोसले चीनको ५ हजार वर्ष पुरानो संस्कृतिको गहिराई र व्यापकताबाट कोलम्बियाली लेखक प्रभावित रहेको भनेर प्रशंसायुक्त टिप्पणी गरे।

पेरुको लिमामा चाभिन र इन्का संस्कृतिबारे भएको प्रदर्शनीमा प्रधानमन्त्री लिले भ्रमण गरेका थिए। पुरातात्विक, मानवविज्ञान र इतिहास राष्ट्रिय सङ्ग्रहालयमा चिनियाँ सभ्यताको विकासमाथि भएको फोटो प्रदर्शनी पनि अवलोकन गरे। प्रधानमन्त्रीले संग्रहालयलाई प्राचीन चिनियाँ मुकुण्डो उपहार प्रदान गरे।

चिनियाँ समाजविज्ञान अध्ययन एकेडेमीका अनुसन्धानकर्ता कुव हुन हाईले सिन्हवा समाचार समितिलाई भने, "अबको पाँच वर्षमा चीन र ल्याटिन अमेरिकाबीचको सम्बन्ध झन बलियो हुनेछ। यस अर्थमा दुवै देशले परस्पर समझदारीलाई अझ घनीभूत बनाउनुपर्छ।" चीनले १४ ल्याटिन अमेरिकी राष्ट्रमा अहिलेसम्म ३० वटा कन्फुसियल संस्थाको स्थापना गरेको छ। चिनियाँ संस्कृतिको जानकारी गराउन र सांस्कृतिक आदानप्रदानलाई प्रवर्द्धन गर्न यस्ता संस्थाले महत्वपूर्ण भूमिका खेलेका हुन्छन्। प्रधानमन्त्री लिको भ्रमणको उपलब्धि र अहिलेको सहयोगले चीन र ल्याटिन अमेरिकाबीचको प्रगाढ सम्बन्धलाई प्रष्ट पार्छ। ल्याटिन अमेरिका र क्यारेवियालीका लागि संयुक्त राष्ट्र आर्थिक आयोगका कार्यकारी सचिव आलिसिया बार्सेनाले चिलीको समाचार पत्र मारकुरियोको २४ मे अङ्कमा लेखेझैं अहिले चीन-ल्याटिन अमेरिकाबीचको सम्बन्धले पूर्ण जीवन्तता पाएको छ।

# गैरसरकारी संस्थाहरू अक्रोशित

रातो खबर संवाददाता/काठमाडौँ

सरकारले राष्ट्रिय-अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई बाढी पीडितलाई राहत वितरण गर्न रोक लगाएको छ। बहुद्वार प्रणालीबाट वितरण हुँदा सुगम क्षेत्रमा सबै संस्थाहरू केन्द्रीत हुने र दुर्गममा कोही नपुग्ने समस्या समाधान गर्न एकद्वार प्रणालीअनुसार सरकारले नै त्यसको संयोजन गर्ने गृह मन्त्रालयले जनाएको छ। भूकम्पको समयमा व्यक्ति, संस्था, प्रहरी, सेना र गैरसरकारी संस्थाले राहत र उद्धार गरेको तर सरकारले कुनै भूमिका नखेलेको प्रचार भएको थियो। त्यसप्रकारको सूचना गैरसरकारी संस्थाहरूले नै प्रवाह गरेको सरकारी अनुमान छ। त्यसप्रकारको प्रचारबाजी रोक्न र सरकारले काम देखाउन सो निर्णय गरिएको देखिन्छ। गैरसरकारी संस्थाहरूले उद्धार र राहतको नाममा गुप्तचरी गरेको, चीन विरोधी गतिविधी गरेको, धर्म प्रचार गरेको र अरु थुप्रै शंकास्पद गतिविधीको आधार पनि गैरसरकारी संस्था भएका थिए। भ्रष्टाचार झनै अनियन्त्रित भएका थिए। रसुवा, राम्चेमा अन्यत्र कै फोटो प्रचार गरेर बास निर्माण गरेको प्रचारसम्म भएको थियो। जस्तापाता भ्रष्टाचार, त्रिपाल भ्रष्टाचार काण्डहरू अझैसम्म चर्चामा छन्। दल र उनीहरूको प्रभावमा परेर राहत उपलब्ध गराउने स्थान छनोट गर्ने परिपाटी त छँदै थियो। यसपटक आफ्नो स्वार्थप्रेरित भूमिकामा सरकारी नियन्त्रण भएपछि गैरसरकारी संस्था (NGO/INGO) हरू सरकारसँग चिढिएका छन्। सरकारमाथि दबाव दिएर निर्णय उल्टाउन शक्तिकेन्द्रहरू धाउन थालेको चर्चा चलिरहेको छ। सरकारले आफ्नो भूमिका र अडान पूरा नगर्ने, गैरसरकारी संस्थाहरूलाई राहतमा अवरोध पनि गर्ने गर्दा झनै समस्या निम्तने सम्भावना छ।

भावपुर्ण श्रद्धाञ्जली



जन्म
वि.सं. २०३९-०६-१३

मिठु तामाङ

निधन
२०७४-०४-२८

सिन्धुपाल्चोक जिल्ला समितिका सदस्य लिसंखु गाउँपालिका पेट्कु निवासी नरेश तामाङको श्रीमती **मिठु तामाङ**को यही साउन २८ गतेका दिन ३५ वर्षको अल्पायुमै दुःखद निधन भएकोले उहाँप्रति **हार्दिक श्रद्धाञ्जली** साथै शोकाकुल परिवारप्रति **हार्दिक समवेदना** प्रकट गर्दछौं।

**नेपाल कम्युनिस्ट पार्टी**
जिल्ला समिति, सिन्धुपाल्चोक

# लोकतन्त्रको धराप

(अरुन्धती रायको यो लेख '**आउटलुक**' अंग्रेजी साप्ताहिकमा २० सेप्टेम्बर २०१० मा प्रकाशित भएको थियो । यो लेखले भारतीय लोकतन्त्रको भयानक अवस्था र झाँगिदो असमानतामाथि खरो टिप्पणी गरेको छ । यहाँ 'माओवादी कमरेडहरूसँग' शीर्षकमा प्रकाशित नेपाली भाषा पुस्तकका प्रमुख अंशहरू साभार प्रकाशित गरिएको छ ।)

- बराङ्गलसम्म सँगै हिंडेकी पदमालाई पनि मैले सम्झिएँ । उनी ३० वर्ष मात्रै कटेकी छिन् । तर भ¬याङ चढ्दा उनले भित्ताको आड लिएर जीउ अगाडि धकेल्नुपर्छ । 'एपेन्डिक्स' को शल्यक्रिया भएको एक हप्तापछि नै उनी पक्राउ परेकी थिइन् । शरीरभित्र 'घ्यामरेज' हुन्जेलसम्म पिटियो । त्यसैले उनको शरिरको थुप्रै अङ्गहरू निकाल्नु परेको थियो । एकातिर भने उनको घुँडा फोड्दै, अर्कोतिर भने दया देखाउँदै प्रहरीले गोडा भाँच्नुको कारण भनेको थियो, 'अब फेरि जङ्गलमा हिंड्न नसकोस् भन्नको लागि तेरो घुँडा फुटाको ।' उनी ८ वर्षको जेल सजायपछि मुक्त भएकी थिइन् ।
- भारत स्वतन्त्रताको ६४औं वार्षिक उत्सवको उपलक्ष्यमा प्रधानमन्त्री मनमोहन सिंह देशका नाममा अल्छीलाग्दो, सपाट र भावविहीन सम्बोधन दिन लाल किल्लामा 'बुलेटप्रुफ सोपबक्स' मा उक्लिए । विश्वमै दोस्रो ठूलो आर्थिक वृद्धिदर हुँदाहुँदै पनि अफ्रिकाका सबैभन्दा गरिब २६ देशको कूल जनसंख्या भन्दा पनि गरिब जनता भएको देशलाई उनी सम्बोधन गर्दैछन् भन्ने कसले अनुमान गरेको थियो होला र ? भारतको सफलतामा तपाईहरू सबैको योगदान छ ।' उनले भने - 'हाम्रा श्रमिक, हाम्रो शिल्पकार, हाम्रा किसान सबैको कडा परिश्रमले हाम्रो देश यहाँ पुग्न सकेको हो । हामी नयाँ भारतको निर्माणमा छौं, जहाँ प्रत्येक नागरिकले उपलब्धीको हिस्सा पाउनेछन्, हामी त्यस्तो वैभवशाली नयाँ भारतको निर्माण गर्दछौं, जहाँ प्रत्येक नागरिकले शान्त र हार्दिक वातावरणमा आत्मसम्मान र गौरवपूर्ण जीवन बिताउन पाउने छन् । त्यस्तो भारत जहाँ, समस्या.... लोकतान्त्रिक विधिले समाधान गरिनेछ, त्यस्तो भारत जहाँ हरेक नागरिकको आधारभूत आवश्यकतालाई सुरक्षित पारिनेछ । कसैले यसलाई चिहानको ठ्ठा भन्न सक्छन् । उनी यसरी बोले, मानौं उनी फिनल्याण्ड वा स्वीडेनका जनतालाई सम्बोधन गर्दछन् ।


अरुन्धती राय

- सबै निर्देशनहरू सोनिया गान्धीबाट मात्र आउँछन् भन्ने होइन । उनको आत्मकथामा पश्चिम बङ्गालका पूर्व अर्थमन्त्री अशोक मित्राले मनमोहन सिंह कसरी शक्तिमा उदाए भन्ने बारेमा लेखेका छन् सन् १९९१ मा भारतको विदेशी मुद्रा सञ्चिती रित्तिएर संकट आउन लागेपछि नरसिंह राव सरकारले अन्तर्राष्ट्रिय मुद्राकोषको शरण पर्दै आपतकालीन ऋण माग्यो । मुद्राकोष दुईओटा शर्तमा ऋण दिन सहमत भयो । पहिलो, संरचनागत समायोजन र आर्थिक सुधार । दोस्रो उनीहरू (मुद्रा कोष) को छनौटमा अर्थमत्रीको नियुक्ति । "ती मान्छे" मित्रा भन्छन् "मनमोहन सिंह थिए ।"
- सोनियाँ र राहुल गान्धी सरकारका 'इञ्चार्ज' हुन् भनेर कल्पना गर्नु गल्ती हुनेछ । वास्तविक शक्ति अहिले न्यायधीस, नोकरशाह (कर्मचारी) र राजनीतिक नेताहरूको कुलीन झुण्डमा पुगिसकेको छ । यिनीहरूलाई पनि धेरथोर सबैतिर स्वामित्व भएका केही 'निगम' ले दौड प्रतियोगिताको घोडा झैं कुदाउँछन् ।
- आजादले यसको जवाफ दिए । हत्या हुनुभन्दा अगाडि लेखिएको उनको यो लेख अन्तिम बन्न पुग्यो । (आउटलुक, जुलाई ११, २०१० : "भारतको कून भागमा संविधान क्रियाशील छ, मिस्टर भर्गेज ? कहाँ ? दन्तेवाडामा, बिजयपुर, काँकर, नारायणपुर, राजनन्दगाउँ, झारखण्ड वा उडिसामा ? कि लालगढ र जङ्गल महलमा ? अथवा कश्मिर उपत्यकामा ? या मणिपुरमा ? हजारौं सिखहरूको हत्यापछि २५ वर्षसम्म तपाईको संविधान कहाँ लुकेको थियो ? हजारौं मुसलमानहरू चिहानमा पुरिंदा यो कहाँ थियो ? राज्य सञ्चालित सलवा जुडुम 'ग्याङ' ले हजारौंलाई कत्लेआम गर्दा यो कहाँ थियो ? लाखौं किसान आत्महत्या गर्न वाध्य हुँदा यो लुकी बस्छ ? आदिवासी महिलाको सामूहिक बलात्कार हुँदा वा अन्य फटाहाहरूले सर्वसाधारण अपहरण गर्दा यो संविधान कहाँ हुन्छ ? तपाईको लागि निकै महत्वहो यो संविधान त भारतका असंख्य जनताका लागि 'ट्वाइलेट पेपर' जतिको पनि छैन ।
- प्रेस ट्रष्ट अफ इण्डिया (पिटिआइ) ले त इण्डियन एक्सप्रेसले इमान्दारीपूर्वक बढाइचढाई गरेको थुप्रै झुठा समाचारहरू प्रकाशन गर्छ । माआवादीहरूले आफूले मारेको प्रहरीहरूको लाशमाथि गरेको दुर्व्यवहारबारेमा त्यस्तै एउटा समाचार थियो । (यो समाचारको खण्डन प्रहरीबाटै भयो तर हुलाक टिकट आकारमा मध्यमृष्ठमा छापियो ।) 'एक्स्क्लुसिभ' को बिल्ला लगाउँदै एकैखाले थुप्रै अन्तर्वार्ताहरू आउँछन्, जसमा एक छापामार युवतीलाई माओवादी नेताहरूले कसरी बारम्बार बलात्कार गरे भन्ने कुराकानी देखाइन्छ । माओवादीको पञ्जाबाट भर्खरै फुत्किएकी ती युवतीलाई दुनियाँलाई आफ्नो कथा भन्न आएकी बहादुरको रुपमा प्रस्तुत गरिन्छ । तर, यथार्थमा चाहीं ती युवती महिनौंदेखि प्रहरीको कब्जामा रहेको खुलासा हुन्छ ।
- अहिलेको सशस्त्र युद्धमा संलग्न विभिन्न राजनीतिक संगठनहरूमध्ये भारतीय कम्युनिस्ट पार्टी (माओवादी) जति विवादास्पद कुनै छैन । यसको एकमात्र प्रष्ट कारण हो - सशस्त्र युद्ध नै क्रान्तिको एकमात्र बाटो हो भन्ने यसको निर्विकल्प विचार । समुन्नत बनर्जीको किताब 'इन द वेक अप नक्सलवादी' मा आन्दोलनको मिहीन चर्चा गरिएको छ । आन्दोलनको प्रारम्भिक समय अर्थात् 'वर्गशत्रु सखाप पार्ने' भन्दै सुरु गरेको क्रान्तिको हठात सुरुवात र जनताहरू स्वस्फूर्त जाग्नेछन् भन्ने यसको आशाबारे पुस्तकमा एकदम शूक्ष्मसँग वर्णण गरिएको छ ।
- जनताले खानी उद्योग विरुद्ध संघर्ष गरिरहेका कतिपय ठाउँहरूमा माओवादीले सहयोग नगरेको र उद्योगबाट चन्दा पाइन्जेल उनीहरू चुप लाग्छन् भन्ने खबर निरन्तर आइरहेको छ । तिनका उच्च तहका नेताहरूको अन्तर्वार्ता र वक्तव्यलाई हेर्ने हो भने पनि खानी उद्योगको विषयमा उनीहरूको कुरो उही 'हामी राम्रो गर्छौं' भन्ने प्रकारको मात्रै आउँछ । उनीहरू 'वातावरणलाई असर नपार्नेगरी खानी झिक्ने ठूलो रोयल्टी तिराउने, विस्थापितका लागि राम्रो बसोबासको व्यवस्था गराउनेजस्ता अष्पस्ट कुरा गर्छन् । अहिलेका खानी तथा प्राकृतिक स्रोत मन्त्रीले पनि माओवादीकै लाइनमा संसदमा बोल्दै खानी उद्योगबाट आएको नाफाको २६% आदिवासी जनताकै विकासका लागि खर्च गर्ने घोषणा गरे । खोरमा थुनिएको सुँगुरलाई भोजको के रमाइलो ?

\+ + +

- हामी चुक घोप्ट्याएजस्तो अँध्यारोमा मुर्दाजस्तो शान्त भएर हिंडिरहेका छौं । मैले मात्र चोरबत्ती प्रयोग गरिरहेकी छु । म भन्दा अगाडि कमला छे । उनको कालो चप्पलले मैले कहाँ पाइला राख्नुपर्छ भनेर देखाइरहेको छ । उनले मैले भन्दा दसगुणा बढी वजन बोकेकी छिन् ।
- विविसीका एकजना पत्रकार माओवादी नेता किसनजीलाई सोध्छन् - 'अहिले अँध्यारो भइसकेको छ । तपाईहरूले धराप विछ्याउनु भएको छ । थप सुरक्षा फौज परिचालन गरिएको छ । के तपाईहरूले धराप विछ्याउनुभएको छ । थप सुरक्षा फौज परिचालन गरिएको छ । के तपाईहरू उनीहरूमाथि पनि आक्रमण गर्नुहुन्छ ? उनी भन्छन् - गर्छौं नि, गरेनौं भने त जनताले मलाई कुट्छन् ।' (समूहमा हाँसो चल्छ ।)
- भारतका ८३ करोड जनताहरू दैनिक २० रुपैंयाभन्दा कममा आफ्नो दिन गुजारा गर्छन् जो सरकारी गोदाममा भन्दा अर्बौं टन अन्न मुसाले खाएर कुहिएर या जलाएर नष्ट भइरहँदा (गरिबलाई बाँड्नुभन्दा जलाउन सस्तो पर्ने भएकोले) भोकले छटपटिन्छन् ।)

# एक्काइसौं शताब्दिको समाजवाद


(ल्याटिन अमेरिकी लेखिका मार्ता हार्नेकरको नयाँ कृति Rebuilding the Left को नेपाली संस्करण 'एक्काइसौं शताब्दिको समाजवाद दुई वर्ष अगाडि प्रकाशित भएको थियो । जसलाई विद्वानहरू रमेश सुनुवार र नन्दनहरि दाहालले अनुवाद गर्नुभएको हो । विश्वमा समाजवादी सत्ताको अवसान भएपछि पुनः नयाँ शिराबाट समाजवादको स्थापना र अभ्यासका विभिन्न प्रयोगहरू ल्याटिन अमेरिकी देशहरूमा देखिएका छन् । जसको कारण विश्वको ध्यान ल्याटिन अमेरिकी देशतिर तानिएको छ । भेनेजुयलामा देखा परिरहेका घटनाले त्यसको महत्व झन् बढाएको छ । त्यसै सन्दर्भमा सो पुस्तकका महत्वपूर्ण अंश साभार प्रकाशित गरिएको छ ।)

- आज राजनीतिज्ञहरूले होइन, व्यवसायिक व्यक्तिहरूका समूहहरूको निर्णयहरू गर्दछन् वा तिनीहरूमाथि निर्णायक प्रभाव पार्दछन् । वास्तवमा केही अनिवार्य क्षेत्रहरू, उदाहरणको लागि अर्थतन्त्र र सैनिक संस्थाहरू उत्पन्न हुन्छन्, जुन एउटा पराराष्ट्रिय निकायका राष्ट्रिय निकायहरू हुन्छन्, अन्तर्राष्ट्रिय मुद्रा कोष, उत्तर एटलान्टिक सन्धि संगठन, विश्व बैंक, युरोपेली संसद 'जुन आन्तरिक रुपले देशभित्र, जनमतलाई ध्यान नदिइकन नियन्त्रण गर्न वा महत्वपूर्ण कार्यहरू गर्न सक्षम छन् ।
- टेलिभिजन सञ्चारको लागि एउटा यन्त्र बनेको छ । यसको एउटा ठूलो प्रभाव छ, किनभने यसले प्रशारण गर्ने कुराहरूमध्ये अधिकांशलाई दर्शकहरूले यथार्थको रुपमा अनुभूत गर्दछन् । आलोचनात्मक दृष्टि राख्न धेरै कठीन छ । तर पनि, सञ्चार माध्यमद्वारा प्रदर्शित यथार्थता बहुसंख्यक दर्शकहरूको लागि अस्तित्वमा हुँदैन ।
- धेरै लेखकहरूले के सोच्दछन् भने जसलाई सांस्कृतिक भूमण्डलीकरण भनिएको छ, त्यो 'विश्वभरि संस्कृतिको अमेरिकीकरण बाहेक अरु केही होइन ।
- संयुक्त राज्य अमेरिकाले विज्ञापनमा ३ अरब डलर खर्च गर्छ । अमेरिकी वस्तुहरूको लागि विश्वव्यापीकरण माग सृजन ागर्न, विश्वव्यापी रुपमा तिनीहरूको खपत गर्नको लागि तिनीहरूको उत्पादन गर्नु पनि आवश्यक हुन्छ र त्यसको लागि कोकाकोला जस्ता ठूला कम्पनीहरू आफ्नो उत्पादनको विज्ञापन मात्र सीमित रहेर पुग्दैन । तिनीहरूले सँगसँगै अमेरिकी तौरतरिका'लाई पनि बढाईचढाई गर्नुपर्दछ ।


मार्ता हार्नेकर

- जुन कुराहरूले वास्तवमा मानिसहरूको चिन्तन गर्ने तरिकालाई ढाल्दछ, त्यसले संकेत गर्ने खतरासहित, तिनीहरू शक्तिशाली श्रव्य-दृश्य उपकरणहरू हुन् । तिनीहरूको स्वामित्व ठूलापरा राष्ट्रिय कम्पनीहरूद्वारा नियन्त्रित थोरै मानिसहरूको हातमा निरन्तर केन्द्रित हुँदैछ । जसले सूचनालाई शासक वर्गहरूका हितमा परिचालन गर्दछन् ।
- जब यो समस्याको विश्लेषण गरिन्छ, शक्ति सन्तुलनको विषयलाई विर्सनु हुँदैन । जबसम्म बुर्जवा वर्गले शक्तिशाली भएको मशसुस गर्दछ र त्यसले या मतपत्रको माध्यमबाट यात हतियारको माध्यमबाट नियन्त्रण गर्दछु भन्ने सोच्दछ, तबसम्म त्यो निश्चित रुपमा एउटा क्रान्तिकारी योजनासँग सहकार्य गर्न इच्छुक हुनेछैन, जुन पुँजीको उद्देश्यको विरुद्ध जान्छ ।
- श्रमिक वर्गमाथि आलोचनारहित विशेष जोडले ल्याटिन अमेरिकी पार्टीहरूलाई त्यो महादेशको क्रान्तिकारी सामाजिककर्ताका विशिष्ट चरित्रहरूको वेवास्तातिर उन्मुख गरायो र ल्याटिन अमेरिका क्रान्तिकारीहरूमा आदिबासीहरू र क्रिश्चियनहरूले निर्वाह गर्नसक्ने भूमिकालाई बुझ्न नसक्ने बनायो ।
- यसको अतिरिक्त उनीहरूले के बुझेनन् भने अग्रदस्ता हुनु भनेको स्वयंलाई पार्टीले घोषित गर्ने कुरा होइन, बरु संघर्षको माध्यमबाट प्राप्त गर्ने कुरा हो र पश्चदस्ताबिना कुनै अग्रदस्ता हुन सक्दैन ।
- कसैले पनि जनमतलाई प्रभाव पार्ने कुरामा आधुनिक संचार माध्यमको क्षमतामाथि विवाद गर्दैन । सञ्चार माध्यमहरू, जुन निरन्तर रुपले थोरै मानिसहरूको हातमा केन्द्रित भइरहेका छन् । शासक वर्गको लागि स्वीकार्य सीमाहरू भित्र 'विचार र दृष्टिकोणहरूलाई प्रवाह' गर्न र यसरी 'स्थापित विशेषाधिकार र प्राधिकारको लागि कुनै सम्भावित चुनौतिलाई' त्यसले 'आकार ग्रहण र शक्ति संचय गर्नसक्नु' भन्दा पहिले विचलित बनाउन लाग्दछन् ।
- नोम चोम्स्कीका अनुसार बुर्जवा उदारवादीहरूले जनवादी खेल स्वीकार गर्नको लागि एउटा मात्र शर्त राख्छन् : संचार माध्यमलाई नियन्त्रण गरेर उनीहरूले 'सहमती निर्माण गर्न' र 'जेगली भीडलाई तालिम दिन' सक्छन् ।
- यो स्मरण गर्नु महत्वपूर्ण हुन्छ कि राजनीतिमा सही हुनु मात्र पर्याप्त छैन । बरु सही समयमा सही हुनु पनि आवश्यक छ र विचारहरूलाई व्यवहारमा ल्याउने शक्तिहरू हुनु पनि आवश्यक छ ।
- सदस्यहरूको परिचय पार्टी बाहिर गरिने कार्यद्वारा निर्धारित हुनुपर्दछ, पार्टीभित्र गरिने कार्यद्वारा होइन । यसको अर्थ के हो भने नयाँ संगठनका सदस्यहरूले आफ्नो अधिकांश समय पार्टी र समाजको बीचमा सम्बन्धहरू विकास गर्नमा लगाउनुपर्दछ ।
- ..... नयाँ युगको लागि राजनीतिक कार्यकर्ताहरू सैनिक मानसिकता भएका कार्यकर्ताहरू हुन सक्दैनन् - आज हामी कुनै सैनिकको नेतृत्व गरिरहेका छैनौं, जसको अर्थ यसो भन्नु होइन कि केही निर्णायक घुम्तीहरूमा यस्तो रुपान्तणको आवश्यकता हुन सक्दैन । न त उनीहरू आवेग-प्रेरित लोकवादी नै हुनसक्दछन् । किनभने हामी भेडाहरूको बथानलाई नेतृत्व गरिरहेका छैनौं
- हामीले आफूलाई र अरुलाई सिकाउनुपर्ने आधार भूत मूल्यहरू मध्ये एउटा के हो भने चिन्तन र व्यवहार अर्कासँग सुसंगत हुनुपर्दछ र दोहोरो मापदण्डलाई अस्वीकार गर्नुपर्दछ । यसको सबैभन्दा उत्तम उदाहरण चे ग्वेभारा हुन् ।
- .... कार्यकर्ताहरूले के बिर्सेका छन् भने समाजवादमा पनि 'नयाँ समाजले पुरानो समाजको विरुद्ध धेरै कठीन प्रतिष्पर्धा गर्नुपर्दछ' किनभने 'विगतका असफलताहरू व्यक्तिगत चेतनामा वर्तमानलाई प्राप्त भएका हुन्छन्' र त्यसैकारण 'तिनीहरूलाई उन्मूलन गर्न एउटा निरन्तर प्रयत्न गरिरहनुपर्दछ ।'
- यो कुरा तबमात्र सम्भव हुन्छ जब कुनैपनि व्यक्तिसँग सम्पूर्ण सत्य हुँदैन, अरुसँग पनि केही सत्य हुन्छ र त्यसैकारण उनीहरूका विचारहरू वैध हुन्छन् भन्ने कुरालाई स्वीकार गरेर आरम्भ गरिन्छ । यदि संवाद र बहस बुझाईमा, सहमतिमा पुऱ्याउन असफल हुन्छन् भने भिन्नताहरूको समाधान मतदानबाट गर्नुपर्दछ । तर यसले तबमात्र काम गर्दछ, जब संलग्न भएका सबै मानिसहरू मतदानका परिणामहरू स्वीकार गर्न इच्छुक हुन्छन् ।
- ... पार्टीलाई व्यक्तिगत उन्नतीको लागि एउटा साधनको रुपमा उपयोग गर्नु हो । जबकि पार्टी र संचार ती मानिसहरूको विरुद्ध वैचारिक संघर्षको लागि साधनहरू हुनुपर्दछ, जसले जनतालाई उत्पीडन गर्दछन् ।

## कविता



■ कृष्ण सेन 'इच्छुक'

### बर्मझिया

घरिघरि, पटकपटक
बग्न त रगत पानीसरि बगिरहेकै छ
के पहाड, के मधेस चारैतिर
नयाँदशकको हत्याराले नयाँयुगका राता
रक्तबीजहरू छरिरहेकै छ
अभावको कालो बजारमा महँगीको हाहाकार बढेर
सबैथोक दुर्लभ बने पनि
गल्लीगल्ली सडकसडक
र, गाउँ बस्तीभरि
गोलीले ढलेर मान्छेको ज्यानभने झनै सस्तो
भइरहेकै छ
तर तिम्रो काखमा त्यै एउटा ज्यान ढल्दा
घाम पनि आकाशमा मधुर भएको छ ।
बर्मझिया, तिम्रो प्रत्येक थोपा रगत ब्युँझेर
आज बैरीलाई क्रूर कालकुट भएको छ ।
एउटै रगतको साइनो रहेछ आखिर
मेची र महाकालीका साँधहरूमा
एउटै वर्गको नाता रहेछ आखिर
कमला र भेरीका छालहरूमा
एउटै धर्मको उपासना रहेछ आखिर
झापा र धनुषाका बलिदानहरूमा
एउटै कर्मको आराधना रहेछ आखिर
गोर्खा र रोल्पाका अनुष्ठानहरूमा
निरन्तर चलिरहेको रक्तिम युद्धमा
मिसिसिपीदेखि भोल्गासम्म एउटै रंग छ
निरन्तर फैलिरहेको वर्गीय युद्धमा
लिमादेखि मनिलासम्म एउटै तरंग छ
यतिखेर तिम्रो काखपूर्वमा रगतपच्छे हुँदा
पश्चिममा रुकुम पनि प्रतिशोधले चूर भएको छ
बर्मझिया
तिम्रो प्रत्येक थोपा रगत ब्युँझेर
आज बैरीलाई क्रूर कालकुट भएको छ ।
माटोमा भिजेका तिम्रै रगतका टाटाहरूले
जनअदालतको खुला इजलासमा
बर्बर हत्याको किटानी जाहेरी दिइरहेछन्
उदास नहरको संतप्त किनारमा
शोकमग्न उम्रेका सिसौका बोटहरूले
तिम्रै ज्यानमुद्दाको सरजमिन गरिरहेछन्
मकैका घारीले बारीबाट
आक्रोशित मुद्रामा तिम्रै हत्याको साक्षी बकिरहेर्छन्
प्रत्यक्षदर्शी पटुवाका झाडीले
फरार अपराधीहरूका बर्बर अनुहारहरू सम्झँदै
गिरफ्तारीको हुलिया काटिरहेछन्
शोकविह्वल छन् सबै गाउँ
भावविह्वल छन् सबै ठाउँ
तैपनिशान्त र सहजभएर
अशान्तजीवनको सागरमा
निरन्तर चलिरहेछ मुक्तियात्राको नाउ
आफ्ना शोकाकुल घडीलाई नयाँ शक्तिमा फेरेर
फेरि पनि दृढ र कर्मशील मनस्थिति लिएर
साँझबिहान पँधेराहरूले
गाइहेछन् पेरुमा लालझन्डाका गीतहरू
सबेरै झिसमिसेमा उठेर चराहरूले
घन्काइरहेछन् कलरव स्वरमा सङ्घर्षका नाराहरू
रुष्ट हावाले
दुस्मनका गुप्त पदचापहरू पछ्याइरहेछ
फेरि उस्तै सङ्घर्षशील भएका छन् सबै ठाउँ
एउटा मास्टरसाहेबलाई मारेर
जनपाठशालाहरू नै बन्द गर्न खोज्ने
जल्लादहरूको मृगतृष्णा
एउटा जनयोद्धालाई हत्या गरेर
मुक्तियुक्त नै रोक्न खोज्ने मोशादहरूको
कपोलकल्पना
यतिखेर चकनाचुर भएर
निष्फल बनेका छन् बैरीहरूका सबै दाउ
मतृभूमिका महान् सन्ततिहरूको मृत्युञ्जयी बलि(
दानले अभिभूत भएर
यस बेला सिंगो राष्ट्र नै एउटै जुलुस भएको छ
बर्मझिया,
तिम्रो प्रत्येक थोपा रगत ब्युँझेर
आज बैरीलाई क्रूर कालकुट भएको छ
तिम्रो सम्मानमा गौरवले झुकेर उठ्दै
सारा देश नै अरिंगालको गोलोझैँ एकजुट भएको छ ।
(१ भदौ, २०५६)

## बाढीले अकल्पनीय …

छन् ।

उता रौतहट पर्सोहा-३ की शर्मिला यादवलाई भारतीय नम्बरको बाहनमा उपचारार्थ गौर लैजाने क्रममा जलमग्न सडकमा अनुमानको भरमा सवारी चलाउँदा वाहन गहिरो नहरमा खस्न गई एकै परिवारका ६ जना र अर्को घटनामा थप ३ जनाको ज्यान गएको छ भने ७ जना वेपत्ता भएको खबर छ। रौतहटमा बाढीका कारण ज्यान गुमाउनेको संख्या १३ पुगिसकेको छ। त्यसैगरी सुनसरीका इटहरी, इनरुवा, साहेबगञ्ज, नर्सिङटप्पु, भोक्राहा, हरिनगरलगायतका स्थानमा कोशीको बाढी पसेको छ भने साना खोलाहरू थुनिएका वा बस्तीमा पसेको अवस्था छ ।

बाढीका कारण सुनसरीमा ८ जनाको मृत्यु भएको छ भने ६ जना वेपत्ता भएका छन् । उता झापाका भद्रपुर, कचनकबल, गौरादह, झापा नगरपालिका, मेची नगरपालिका, कन्काई, अर्जुनधारा, गौरीगञ्ज, दमक, शिवसताक्षी, हल्दीवारीलगायतका स्थानहरू डुबानमा परेका छन् । झापामा हालसम्म ४ जनाको मृत्यु र ५ जना हराइरहेका छन् । पूर्वी तराईमा बाढीले सबैभन्दा बढी प्रभावित जिल्ला सप्तरी हो । कोशी बाँधको ढोका भारतले नखोलिदिएका कारण कोशीको सतह खतराको विन्दु नाघेर बस्तीमा पसेको हो । जिता र खाँडो नदीले दर्जनौं गाउँ डुबिरहेको बेला सप्तरीमा भारतको ज्यादती अमानवीय र सरकारी लाचारीका कारण कोशीको कहर थपिएको छ। बाढीले सदरमुकाम राजविराज, हनुमाननगर, शम्भुनाथ, तिलाठी, कोइलाठी, रुपनी, बौदेबसाइन, कञ्चनपुरलगायतका स्थानहरू डुबानमा परेका छन् । मृतकको दाहसंस्कार गर्ने जग्गासमेत नहुँदा नदीमै दाहसंस्कार गर्नुपर्ने भएको छ । शुक्रबार र शनिवार पूर्वी नेपालमा बढी वर्षा भएको थियो भने आइतबारदेखि पश्चिमतिर बढी वर्षा भएको छ । उता कर्णाली नदीको जलप्रवाह खतराको विन्दुभन्दा माथि पुगेकोले आइतवार स्थानीय प्रशासनले सतर्कताका लागि फोन सन्देश प्रवाह गरेको थियो। त्यसैगरी बबइको बाढीले सयौंको उठीबास भएको छ । आइबार साँझसम्म बर्दियाका एकलाख भन्दा बढी नागरिक प्रभावित भएका छन् । पीडितहरूलाई सरकारी जमिनमा शिविर बनाएर राखिएको छ । उता बाढीले पूर्व-पश्चिम राजमार्गको पथलैया-निजगढ खण्डको दुधौरा खोलाको पुल भत्किएकोले सो खण्डमा यातायात बन्द छ । दाउन्ने खण्डमा १५ भन्दा बढी स्थानमा पहिरो र सडक भासिंदा शनिवार यातायात अवरुद्ध भएपनि आइतबार अपरान्हपछि एकतर्फी यातायात खुलाइएको थियो । दाउन्ने खण्डको यस मोडको पहिरो पन्छाएर एकतर्फी यातायात खोलेलगत्तै त्यसको केही पर ज्यामिरेमा अर्को पहिरो खस्दा पुनः यातायात अवरुद्ध भएको थियो । त्यसैगरी निजगढ-चन्द्रनिगाहापुर बीचको धन्सार खोलाको पुलमा क्षति पुगेको छ । निजगढ बजार भएर जाने लालबकैया खोलाको पूर्व तर्फको तटबन्ध भत्किएकोले बजार जोखिममा परेको छ । रतुवा खोलाको पुल भत्किएकोले पूर्वतर्फ जाने यात्रुहरू बर्दीबासमा असरल्ल भएका छन् ।

यता शनिवार र आइतबार चितवन, धादिङ, मकवानपुरलगायतका राप्ती र बुढीराप्ती जलाधार क्षेत्रमा आएको बाढीले देशकै पर्यटन व्यवसायमा तेस्रो स्थान ओगट्ने सौराहा डुबानमा परेको छ । नारायणी, रिउ, मोवा, पम्फा, बुढीराप्तीलगायतमा भीषण बाढी आउँदा ५ जनाको मृत्यु भएको छ भने ३ जना अझै वेपत्ता छन् । मुग्लिन-नारायणगढ सडक खण्ड अवरुद्ध छ । सो सडक धराप जस्तै बन्न गएको छ ।

वर्षात्को कारण राजधानी काठमाडौं र आसपासका क्षेत्रहरूमा पनि धनजनको क्षति हुन पुगेको छ । ललितपुर इकुडोलमा ३ जना घाइते भएका छन् । झरुवारासीस्थित कर्मनाशा खोलाको बाढीले सो क्षेत्र डुबानमा परेको छ । मनोहरा नदीको कटानले आसपासको क्षेत्रमा भयानक त्रास पैदा भएको छ । ललितपुर-३०, कर्मनाशा पुलस्थित नयाँ बस्ती डुबानमा परेको छ । कान्तिलोकपथ अवरुद्ध हुँदा ललितपुरको पहाडी भेग र शहरको सडक सम्पर्क विच्छेद भएको छ । गोदावरी-१२, पुखुशीमा एउटा घर र बिजुलीको खम्बा ढल्दा विद्युत प्रशारण बन्द भएको छ ।

सेना र प्रहरीका व्यारेक तथा चौकी नै प्रभावित भएका छन् । स्थानीय प्रशासनले राहत त के क्षतिको एकीन तथ्यांकसमेत लिन सकेको छैन । पूर्वी नेपालमा मात्र २७ हजार ३ सय ६९ घर डुबानमा परेको सरकारी अनुमान छ । जनपथ र सशस्त्र गरी ९ हजार प्रहरी र नेपाली सेना परिचालन गरिएको सरकारको दाबी छ । बाढी पहिरोले पहाडी जनजीवन पनि कम प्रभावित छैन । पश्चिम नेपालको सिमावर्ती भारतीय धारचुलादेखि ५० कि.मी. उत्तरपूर्व मालपा खोलामा आएको बाढीमा पुरिएर २ जना नेपाली मजदुरसहित १७ जनाको ज्यान गएको छ भने २० जना वेपत्ता भएका छन् । भारतको उत्तराञ्चलमा पनि भीषण वर्षा हुँदा बाढी र पहिरोको जोखिम बढेको भारतीय संचारहरुले जनाएका छन् ।

पीडितको उद्दार र राहतमा राजनीतिक दल र सामाजिक संघ संस्थाहरू पनि उत्रिएका छन् । विप्लव नेतृत्वको नेकपाले उद्धार र राहत अविलम्ब उपलब्ध गराउन सरकारसँग माग गरेको छ । सो पार्टीका प्रवक्ता प्रकाण्डले शनिवार जारी विज्ञप्तिमा सरकारको पूर्व तयारीको अभाव र लाचारीका कारण बढी क्षति भएको आरोप लगाउनुभएको छ । त्यसैगरी नेकपा (एमाले) ले आफ्ना जनवर्गीय संगठनलाई राहत र उद्दारमा खटाउँदै सरकारी लाचारी र भारतीय ज्यादतीको कारण कोशीको ढोका समयमा नखोलेकोले सुनसरी, मोरङ, सप्तरीलगायतमा भयावह स्थिति पैदा भएको आरोप लगाएको छ । नेपाली कांग्रेस, संघीय समाजवादी फोरमलगायतका दलहरू पनि राहत र उद्धारमा खटिएका छन् । गृहमन्त्री जनार्द्धन शर्माले 'सरकारको बल्ल चेत खुलेको' लाचार अभिव्यक्ति सार्वजनिक गरेका छन् ।

मौसम तथा जलवायु विज्ञानका वैज्ञानिकहरूले सोमबारदेखि वर्षा कम हुने र मौसममा सुधार आउने भविष्यवाणी गरेका छन् । सोमबार पूर्वमा कम वर्षा भएको छ । "सोमबारदेखि मनसुन कम हुँदै गएर केही दिनमै मौसममा सुधार हुनेछ" वरिष्ठ मौसमविद् किरण पौडेलले बताएका छन् ।

गृहमन्त्रालय अन्तर्गतको दैवी प्रकोप उद्धार समिति मार्फत् एकद्वार प्रणालीबाट मात्र राहत वितरण गर्नसक्ने सरकारी निर्णयपछि राष्ट्रिय-अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू आक्रोशित भएका छन् । सरकारको सो कदमको नियत र आशय जे भएपनि त्यसलाई सकारात्मक रुपमा हेरिएको छ । संघ संस्थाहरूले रकम उपलब्ध गराउँदा प्रम राहत कोषको खातामा उपलब्ध गराउनु पर्नेछ । पूर्व सूचना उपलब्ध गराउने प्रणालीको अभाव, राहत तथा उद्दारको तयारी, खतरा सन्देश प्रवाह गर्ने प्रणालीको अभाव र भारतले जलप्रवाहको नियमित तथा प्राकृतिक बहाव अवरोध गर्दा नेपालमा अनावश्यक क्षति हुन गएको छ । नेपालको संसदीय व्यवस्थाले भारतीय हेपाहा प्रवृत्तिको प्रतिवाद गर्न र नागरिकको जनधनको रक्षार्थ तयारी गर्ला भन्ने अपेक्षा गर्नु नै मनोगत छ । जसको लागि बलियो जनपक्षीय व्यवस्थाको खाँचो छ । अन्यथा यस्ता घटना भविष्यमा अझै भयावह हुने निश्चित छ ।







## चिनियाँ उच्च …

भ्रमणमा नआउने पक्का भएपछि राष्ट्रपतिको दूतका रुपमा वाङको नेपाल भ्रमण भएको हो । डोक्लम क्षेत्रमा चीन र भारतका बीचमा तनाव भैरहेको समयमा भएको उच्च स्तरीय चिनियाँ भ्रमणलाई अर्थपूर्ण रुपमा हेरिएको छ ।

मंगलबार बसन्तपुर दरबार पुनर्निर्माणको शिलान्यास चीनका उपप्रधानमन्त्री वाङले गर्नेछन् । चिनियाँ अनुदान लगानीमा ९ तले बसन्तरपुर दरबारको पुनर्निर्माण हुँदैछ । नेपाली अधिकारीहरूसँगको भेटमा वाङ २०७२ चैतमा पारवहन तथा अन्य सम्झौतामा केन्द्रित हुनेछन् । वाङको अर्को विषय उल्लेख नभएपनि चीन-भारत डोक्लम विवाद हुनेछ । सन् २०१८ सम्ममा चीन-भारत युद्ध हुनसक्ने आँकलन भइरहेको बेला चीनले सम्भावित युद्धको विषयमा विश्व जनमत निर्माण गरिरहेको देखिन्छ । तेस्रो तर औपचारिक छलफलको दोस्रो विषय 'एक पाटो एक बाटो' हुनेछ । चीनले नेपालका लागि थप लगानी तथा अनुदान सहयोगको घोषणासमेत गर्नेछ । बुधबार वाङले नेपालका राष्ट्रपति र प्रधानमन्त्रीसँग सिष्टाचार भेट गर्नेछन् । विभिन्न दलका नेताहरूसँग भेटघाट सकेपछि विहीबार विहानै चिनियाँ टोली स्वदेश फर्किने छ । २९ सदस्यीय चिनियाँ टोलीमा दुईजना उपमन्त्री, एकजना सहायकमन्त्री, दक्षिण एशियाली महाशाखा प्रमुख, क्षेत्रीय रणनीतिक मामिला प्रमुख, सुरक्षा मामिला प्रमुख र दूतावासका कर्मचारी रहनेछन् । यो ५ वर्ष यताकै चीनको उच्चस्तरीय भ्रमण हो । २०६६ सालमा तत्कालीन प्रम माधवकुमार नेपालको चीन भ्रमणपछि त्यही स्तरको चीन-नेपाल आपसी भ्रमण भएको छैन । सन् २०१२ मा तत्कालीन चिनियाँ प्रम वेन जियावाओ सार्क शिखर सम्मेलनको अवसरमा ५ घन्टे नेपाल भ्रमण गरेर फर्केका थिए । २०५३ (सन् १९९६) यता चीनका कुनै राष्ट्रपति नेपाल भ्रमणमा नआउनुलाई नेपालको कुटनीतिक असफलताको रुपमा हेरिएको छ । सुरक्षा र राजनीतिक मामिलामा मात्र होइन आर्थिक क्षेत्रमा पनि चिनियाँ लगानी र चासो निकै बढेको छ । चीनको बढ्दो लगानी र मैत्रीपूर्ण व्यवहारका कारण नेपालमा चिनियाँ प्रभाव बढ्दै गएको अनुभव सर्वत्र गरिएको छ ।

भारतीय विदेशमन्त्री विमष्टेक शिखर बैठकको बहानामा काठमाडौं भ्रमण गरी फर्केको तेस्रो दिन र प्रम देउवा भारत भ्रमण जानुभन्दा एक साता अघि उच्च स्तरीय चिनियाँ भ्रमणलाई निकै अर्थपूर्ण मानिएको छ । केही दिनअघि देउवाद्वारा नेपालको हालसम्मको औपचारिक विदेश नीति विपरीत गोवामा दलाई लामाका एकजना मन्त्रीसँग भेटेको र भारतले डोक्लम विवादमा नेपाललाई भारतको समर्थनमा लाग्न दबाब दिइरहेको आशंका भइरहेको समयमा नेपाल चीन-भारत विवादमा तटस्थ भइरहोस् भन्ने चिनियाँ अपेक्षा छ । नेपालको तटस्थता आफैमा चीनको जितका रुपमा धेरैले हेर्ने गरेका छन् । चिनियाँ टोली विहीवार विहान स्वदेश फर्किने छ ।

## संसदवादलाई …

अहिलेको स्थिति रुसको सन् १९०५ को जस्तो पनि होइन । न त नेपालको २०४७/०४८ सालको जस्तो हो । हामी अगाडि बढ्न गोडा कमाएको भए थुप्रै अवसरवादीहरूले हाम्रो प्रशंसा गाएका हुन्थे । त्यसैले सिद्धान्त र व्यवहारमा सम्झौता गर्नेले नेतृत्व गर्न सम्भव छैन । संकुचित विचार र व्यवहारले क्रान्ति सम्भव छैन । हामीले आफ्नो घेरालाई संकुचित पार्ने नभएर फैलाउनु पर्दछ । हिजो प्रचण्डलाई दलाल भन्ने, समाप्त पार्नुपर्छ भन्नेहरू आज प्रचण्डको तलुवा चाट्दै हिंडेका छन् । आफ्नो क्षमताअनुसार प्रतिरोध जारी राख्नुपर्छ । भोज खान र मलामी जान आउनेहरू सिन्को नभाँच्ने कार्यकर्ताले आन्दोलन हाँक्न सक्दैनन् । त्यसका लागि आन्दोलनको नेतृत्व गर्न सक्ने पंक्ति चाहिन्छ ।

मुस्लिम समाजमा आस्तिकहरू बढ्दै गएका समाचार र तथ्यांक केही समययता सार्वजनिक भएका छन् । आस्तिक भनेका दासहरू हुन् जो आफूलाई स्वतन्त्र ठान्दैनन् अरुमाथि निर्भर ठान्छन् । नास्तिकहरू दास हुँदैनन् । बेल्जियममा १ वर्ष अगाडि कम्युनिस्ट पार्टी गठन भयो । त्यसको आव्हानमा भएको जनप्रदर्शनमा २० हजार युवाहरू सहभागी भए । त्यसैले कम्युनिस्टहरूप्रति लोकप्रियता बढेको छ ।

असोज २ गते पुच्छर चुनाव हुँदैछ । प्रचण्डले आफूले सार्वजनिक रुपमा एकताको कुरा गर्ने कांग्रेस र दिल्लीसँग 'मैले त एकताको कुरा गर्नै पऱ्यो, तपाईहरू दमनको तयारी गर्नुस्' भन्दै होलान् । प्रचण्डले जनतालाई झूठो सपना दिन्छन्, ढाँट्छन् । भारत र अमेरिकासँग सही कुरा गर्छन् । शेरबहादुर देउवा पश्चिमी दलाल हुन् । गोवा गएर उनले दलाई लामाको मन्त्रीलाई भेटेका छन् । अन्तर्राष्ट्रिय सन्तुलनका कारण अमेरिकी दलाल भएर पनि देउवा भारतसँग मिल्न बाध्य छन् ।

वर्ग संघर्ष र अन्तरसंघर्ष नयाँ स्तरमा प्रवेश गरेको अवस्थामा हामी छौं । हाम्रा सबै उपलब्धी, सीमा र संघर्षका कथाहरूलाई लेख्नुपर्छ । साना ठूला सबै विषयहरू लेखिनुपर्छ । लेख्नु, पढ्नु, प्रचार गर्नु पनि क्रान्ति हो । सन् १९०५ मा चौतर्फी घेराबन्दी भएपछि लेनिन भागेर फिनल्यान्ड गए । जर्मनीका गुप्तचरहरूले त्यहाँ पुऱ्याएको भनेर बदनाम गरियो । लेनिन त्यहाँबाट फेरि नयाँ क्रान्ति बोकेर क्रेमलिन आए । हामी जसरी पनि क्रान्ति जारी राख्न तयार हुनुपर्छ ।

आज कोलकोताले नेपाली टेलिभिजन बन्द गरेको छ । अमेरिकाले साउदी अरब मार्फत् अल जजिरा बन्द गर्न माग गरेको छ । कटवालले आफ्नो पुस्तकमा 'माओवादीले भू-उपग्रह फोन प्रयोग गऱ्यो, हामीसँग त्यो छैन, त्यसैले गाह्रो भयो' भनेका थिए । त्यसैले प्रविधि क्रान्तिको विरुद्ध हुँदैन । प्रचण्ड र देउवा मिल्नु भनेको चीनमा चाङ्को थाओ र चाङकाई शेक मिलेको जस्तै हो । त्यो अपराध छोप्न प्रचण्डले अनेक शब्दजाल बुनिरहेका छन् ।

दलालीकरण घुम्दैफिर्दै भारतको हितमा गइरहेको छ । त्यसकारण देशभक्त धारा हामीप्रति आशावादी छ । देउवा भारत भ्रमणबाट फर्केपछि नयाँ अन्तरविरोध प्रकट हुनेछ ।

अन्तर्राष्ट्रिय राजनीतिमा पनि नयाँ परिदृष्य देखा परिरहेको छ । रुस र अमेरिकी गठबन्धन हुन्छ कि भन्ने अड्कल सही प्रमाणित भएन । हिजो रुसले क्युवाबाट र अमेरिकाले युरोपबाट एकले अर्कालाई घेराबन्दी गर्थे । रुसले अमेरिकालाई घेराबन्दीमा पारेको छ । रुसले अमेरिकी नाकाबन्दीलाई रुसका विरुद्ध आर्थिक युद्ध भनेको छ । आर्थिक युद्ध सारतः फौजी र राजनीतिक युद्ध नै हो ।

(२०७४ साउन २३-२५ गते चितवनमा सम्पन्न नेकपाको केन्द्रीय प्रशिक्षणमा व्यक्त विचारको सम्पादित अंश, शीर्षक हामीले दिएका हौं ।)

## बुवा रामवृक्ष यादव…

उहाँले २०३२ सालमा शिक्षा कार्यालयमा गई आवाज उठाउँदा र कारबाही चलाउँछु भन्दा पुनः उहाँलाई उहाँको पदमा बहाल गरी राप्रावि बहेडाबेलामा पठाइयो । २०३४ सालमा सरुवा भई राप्रावि कुसुम बिछौना आउनुभयो । उहाँको राजनीतिक गतिविधिबाट प्रशासन त्रसित भइरहन्थ्यो र सधैँ उहाँलाई दुःख दिने काम गरिरहन्थ्यो । त्यसैक्रममा २०३५ सालमा सिन्धुली जिल्लाको बोर्डरमा लोटा दूधपानी राप्राविमा सरुवा गऱ्यो ।

२०३५ साल माघतिर बरमझियामा सामन्तको विरोधमा मजदुर सङ्घर्ष र सांस्कृतिक सङ्घर्ष चलिरहेको बेला गाउँका विरोधीहरू मल्ल र कार्कीको सहारामा, रणबहादुर चन्दको आदेशमा चारजना प्रहरी पठाई उहाँलाई गिरफ्तार गरेको थियो तर जनताको मनमस्तिष्कमा बस्न सफल क. यादवलाई भने त्यतिखेर त्यहाँका मुक्तिकामी जनताले दुस्मनको हातबाट खोसेका थिए ।

त्यसबेलादेखि उहाँले जनताको सहयोगमा सामन्ती व्यवस्था र मल्ल, कार्कीको आतङ्कबाट खुला रूपमा पञ्चायतविरोधी क्रियाकलाप गर्न थाल्नुभयो । उहाँको यो लोकप्रियताबाट प्रशासन त्रसित हुँदै गयो र उहाँको विरुद्ध विभिन्न जालझेल र षड्यन्त्र गर्न थाल्यो । त्यसैको परिणामस्वरूप २०३५ साल कात्तिकमा घटित सिन्धुलीको रघुनाथ हत्याकाण्डमा उहाँलाई फसाउन चन्द, मल्ल र कार्कीको संयुक्त षड्यन्त्रमा १२ जना राइफलधारी पठाई पक्राउ गऱ्यो । उहाँलाई उक्त घटना सम्बन्धमा खटेर आएको डोरले सिन्धुलीमा पुऱ्यायो । तर डोरले कतैबाट पनि उक्त घटनामा उहाँलाई मुछ्न सकेन । फेरि पनि उहाँको राजनैतिक पृष्ठभूमिका आधारमा राजकाज अपराधअन्तर्गत २०३५ पुस १ गतेदेखि २०३७ साल वैशाख ५ गतेसम्म जेलमा राखी तारेखमा छोड्यो ।

त्यस्तै जनमतसङ्ग्रहको दिन पनि रघुनाथपुर बुथमा बहुदल पक्षको अपार जनताको भीड देखेर स्थानीय प्रधानपञ्च हरिप्रसाद बरालले मल्लको निर्देशनमा सबैला थानाको प्रहरीबाट पक्राउ गराए ।

बहुदलपक्षीय जनतामाथि आक्रमण गरी उहाँलाई मत खसाल्नबाट समेत वञ्चित गरेको थियो । उक्त थानामा बिनापुर्जी उहाँलाई २ दिनसम्म लुकाएर राखी राति १० बजेतिर उहाँलाई देखाउन बाध्य भयो । पछि थाहा भयो- मल्लले उहाँलाई मार्ने षड्यन्त्र गरेको रहेछ । तर तिनीहरू असफल भए । त्यसपछि उहाँलाई उक्त इलाकाको जुनसुकै घटनामा पनि फसाउन थाल्यो । २०४० साल साउनमा बरमझियामा विष खाएर एक मानिस मर्दा त्यसमा फसाउन तत्कालीन प्र.प. रमेन्द्रदीप र बद्री कार्कीको निर्देशनमा उहाँलाई उसका केही गुण्डाहरूले समातेर खुट्टा भाँचे ।

रातभर प्रधानपञ्चकै घरमा थुनी भोलिपल्ट कार्की, पुण्यप्रसादसमेत डीएसपीले त्यहाँबाट उहाँलाई जनकपुर ल्याई उपचार गराउन अस्पतालमा राखेका थिए । त्यहाँबाट क. मातृकालगायत साथीहरूको सहयोगमा भाग्न सफल हुनुभएको थियो । त्यस्तै कयौँपटक दर्जनौं मुद्दाहरूमा क. यादवलाई दुस्मनहरूले फसाइराखे तर कहिल्यै पनि झुक्नुभएन । निरन्तर सङ्घर्ष गर्दा कयौँपटक हत्या गर्न दुस्मनहरूले नचाहेका होइनन् तर तिनका प्रयासहरू असफल हुँदै गए ।

रामवृक्ष यादव दिनप्रतिदिन जनतामा लोकप्रिय हुँदै जानुभयो । अन्ततः उहाँको लोकप्रियता दुस्मनका लागि विषसमान बन्दै गयो । फलस्वरूप २०५१ साल भदौ २ गते महान् जनयुद्धको तयारीका क्रममा सत्तामा रहेका नेपाली काङ्ग्रेसकी नेतृ लीला कोइरालाको आदेशमा गाउँका काङ्ग्रेसी गुण्डाहरूद्वारा क. रामवृक्ष यादवको हत्या गराइयो । एक दम सरल र मिलनसार स्वभावका क. यादव गरिब जनताका पक्षमा अनेकौं लोकभाकाका गीतहरू पनि रचेर गाउनुहुन्थ्यो । भन्छन्- सच्चा क्रान्तिकारीहरू सधैँ जनताको मुक्तिप्रति निष्ठनवान हुन्छन् । चाहे त्यो मुक्तिको लडाइँमा उनको सम्पूर्ण परिवार नै किन गुमाउनु नपरोस् । यस्तै क. रामवृक्ष यादव पनि आफ्नो सम्पूर्ण परिवारलाई जनताको मुक्तिका निम्ति समर्पित गर्न चाहनुहुन्थ्यो ।

त्यो उहाँकी छोरी बोधमायाका नाउँमा लेखेको चिट्ठीबाट स्पष्ट हुन्छ । उहाँको परिवारका अधिकांश सदस्यहरू पनि उहाँले देखाउनुभएको बाटोलाई पूरा गर्नका निम्ति वर्गसङ्घर्षको मैदानमा छन् । उहाँका एकमात्र छोरा क. शेखर यादव र कान्छो ज्वाइँ क. डम्बर यादवले महान् जनयुद्धका क्रममै सहादत प्राप्त गरिसक्नुभएको छ ।

(लेखक सहिद रामवृक्ष यादवकी छोरी हुनुहुन्छ ।)

स्रोत : रातोखबर साप्ताहिक २०७२ भदौ ९

## अमेरिकामा …

राज्य छोडेर जान चेतावनी दिएका छन् । अमेरिकी गृहयुद्धकालका गोरा सैनिक जनरल रोबर्ट इलीको शालिक सार्लोद्सभिल नगरबाट हटाउने निर्णय भएलगत्तै अमेरिकाका गोरा नाजीवादीहरूले सो प्रदर्शन गरेका हुन् । अमेरिकामा कट्टरपन्थी डोनाल्ड ट्रम्पको उदयसँगै अतिवादीले प्रश्रय पाएको आंकलन र चिन्ता भैरहेको समयमा यो पछिल्लो घटना भएको हो । सनिबारको घटनाले अमेरिकी समाजमा झनै तनाव थपिएको छ ।

## पार्टी हित विपरीत …

थियो । यस्तै स्वागत मन्तव्य केन्द्रीय सदस्य मकर गुरुङ्गले गर्नुभएको थियो । काडमाडौं, ललितपुर, भक्तपुर र विभिन्न विभागहरूबाट जिल्लास्तरीय नेताकार्यकर्ताहरू प्रशिक्षणमा सहभागी भएका थिए ।

पोखरामा पनि सोमबार गण्डकी ब्युरोको प्रशिक्षण सम्पन्न भएको छ । कार्यक्रममा नेकपाका स्थायी समिति सदस्य तथा पश्चिम कमाण्ड इन्चार्ज सन्तोष बुढामगरले पार्टीको आगामी कार्ययोजना र समसामयिक विषयमा प्रशिक्षण दिनुभएको छ । कार्यक्रममा गण्डक ब्युरो इन्चार्ज आस्था, दलित मुक्ति मोर्चाका केन्द्रीय अध्यक्ष डम्बर विकलगायतको उपस्थिति रहेको थियो । यस अघि पनि पूर्वी कमाण्ड अन्तर्गत पूर्वी ताम्सालिङ्ग, पश्चिम ताम्सालिङ्ग, नारायणी ब्युरो र पश्चिमी कमाण्डमा लुम्बिनी ब्युरोको प्रशिक्षण कार्यक्रम सम्पन्न भइसकेका छन् ।

## क्यान्सर अस्पतालको …

पाइन्छ । जनमानसमा प्रत्यक्ष सरोकार राख्ने चिम्नी (इन्सिनेटर मेशिन) हालसम्म बनाइएको छैन । शल्यक्रियाबाट निस्केका मासुका टुक्रा अनि वार्डका फोहोर बाहिर बाँसघारीमा फालेको देख्न सकिन्छ । यसबाट मानव स्वास्थ्यमा पर्न जाने असरको जिम्मेवारी को हुने ? क्यान्सर प्रशासन की हामी जनता ? गम्भिर प्रश्न छ यसमा प्रशासनको व्यापक कमजोरी देख्न सकिन्छ ।नियम अनुसार भरतपुरमा नै बस्नुपर्ने बोर्डको बैठक किन काठमाडौंमा मात्र राखिन्छ ? यसको पारदर्सिता खै ?अर्को कुरा मननयोग्य यो छ कि दुई वर्ष अगाडि नै पूरा गरिसक्नु पर्ने निर्माणाधिन भवन किन बेवारिसे छ र समय समयमा ठेकेदार प्रेम मल्लले रकम थप माग्दै जानु र बोर्डले रकम थप्दै जानुबाट चरम चलखेल भइरहेको शंका गर्ने प्रशस्त ठाउँहरू पाइन्छ । यि हरेक कुराहरूलाई क्यान्सर अस्पताल बचाउ संघर्ष समितिले विगतदेखि वर्तमानसम्म सुधारको लागि दबाव दिँदै आइराखेको छ तर अनेकौं कुरा यो छ कि देशको गौरव अनि चितवनको शान क्यान्सर अस्पताल चुर्लुम्म डुब्न लाग्दासम्म चितवनका कुनै पनि राजनैतिक पार्टीले चासो नराख्नु गम्भिर दुर्भाग्य हो ।

आज कार्यकारी फेरिने वित्तिकै आंशिक सुधारको नाममा जुन अस्पताल सुध्रिएको ढ्वाङ फुकिएको छ यो त केवल नौटंकीबाहेक केही होइन जुन भद्रगोल कमिशनतन्त्र, राजनैतिक अखडाको अन्त्य र सर्वशुलभ सम्पूर्ण यहीबाट सुचारु गरिदैन आफ्ना कुराहरू लागु गरी अस्पताललाई दुहुनु गाईको रुपमा प्रयोग गर्ने भ्रष्टहरूको अन्त्य हुँदैन तबसम्म वी.पी कोइराला मेमोरियल क्यान्सर अस्पताल आफैमा क्यान्सर ग्रस्त भइराख्ने पक्का छ । त्यसकारण यसको दीर्घकालिन संरक्षण, सम्बर्द्धन र निर्वाध रुपबाट स्वच्छ बनाई संचालन गर्न वर्तमान क्यान्सर प्रशासन धेरै कुरामा चनाखो बन्न जरुरी देखिन्छ र चितवनको शान बचाउन देशभक्त, जनप्रेमी र राष्ट्रप्रेमी राजनैतिक दलले चासो राख्नु पर्ने देखिन्छ ताकी क्यान्सर अस्पताललाई भ्रष्टचार, दलाली, कमिशनखोर, दादागिरी र आफ्ना आसेपासेको भर्तीकेन्द्र हुनबाट जोगाउन सकियोस् र पूर्वदेखि पश्चिमसम्मका गरिब जनताले सहज, सरल र झन्झटरहित ढंगले उपचार गर्न पाउन् ।

(लेखकः क्यान्सर अस्पताल बचाउ संघर्ष समितिका सचिव हुन् ।)

नियमित

# सपाङ्गहरुको लागि प्रेरणादायी घाइते जीवन



अम्बिका चन्द

व्यक्तिगत जीवनका रंगिन रहरहरू थाँती राखेर सामुहिक जीवनको सुन्दर सपनासहित बन्दुक बोक्ने एउटा होनहार सिपाही हुन् प्रेमबहादुर वयक 'पर्वत' । उनले बन्दुकको बलमा टिकेको पुरानो व्यवस्था ढालेर नयाँ जनवादी व्यवस्थाको परिकल्पनासहित जनयुद्धको तुफानी दिनहरूमा आफ्नो शसक्त उपस्थिति जनाए । कैलालीको चुहा-२ घर भएका पर्वत नेकपामा सक्रिय छन् । उनी घाइते तथा अपाङ्ग योद्धा संघका केन्द्रीय अध्यक्षसमेत हुन् । पूर्व जनमुक्ति सेना नेपाल सातौं डिभिजन लिस्ने-गाम स्मृति ब्रिगेड अन्तर्गत बटालियन कमाण्डरसम्म पुगेका तिनै पर्वत अहिले शारीरिक रुपमा अपाङ्ग छन् । दुई वटै गोडा चल्दैनन् । अहिले पनि उनको शरीरले ७ वटा छर्रा बोकेको छ । ६ वटा त टाउको मै छन् । पहिलो पटक २०५९ मा रोल्पाको गाममा तत्कालिन शाही सेनासँगको भिडन्तमा घाइते भए । उपचारपछि फेरि पनि जनमुक्ति सेनाकै विन्यासमा फर्किए । २०६१ सालमा कैलालीको लम्कीमा सेनाको रेन्जर बटालियनसँग लडाई भयो र पर्वतको मेरुदण्डमा गोली लाग्यो । घटनाको विवरण सुनाउँदै उनी भन्छन् - 'हामी शहरमा लडिने लडाई मोर्चाबद्ध युद्ध लडिरहेका थियौं । मलाई मिनि जिपीएमजीको गोली लाग्यो र ढलेँ । घाइते भएपछि उपचारको लागि पार्टीको पहलमा प्रवास लगियो । त्यही भारतीय प्रहरीले पक्राउ गऱ्यो । ३ महिनापछि जेल राखेर छोड्यो । २०६४ सालमा नेपाल आएँ । स्पाइनल कर्ड र गोडा जोड्ने मुख्य नसा चुँडिएछ । त्यसैले दुवै गोडा नचल्ने भए । अहिले बैसाखीको प्रयोग गरिरहेको छु । मेरा दुबै गोडा काटेर फाले पनि थाहा हुँदैन ।'

देशको निम्ति ज्यानको बाजी लगाएका पर्वतलाई सवैभन्दा बढी पीडा विजयको सन्निकट पुगेको जनयुद्ध विसर्जन हुनुमा रहेछ । उनी भन्छन - 'प्रचण्डहरूले गद्दारी नगरेको भए आज यो अवस्था देख्नुपर्ने थिएन । जनयुद्ध लडेर आएको शक्तिशाली पार्टी पनि छिन्नभिन्न भयो ।' आशावादी सोचका धनी पर्वत भन्छन - 'भोली के हुन्छ थाहा छैन, तर उनीहरूले गद्दारी गरे पनि विप्लवको नेतृत्वमा अगाडि बढेको नेपाल कम्युनिस्ट पार्टीले एकीकृत जनक्रान्तिको बाटोबाट वैज्ञानिक समाजवाद चुम्ने जुन लक्ष्य लिएको छ । यसमा मैले शहीदका सुन्दर सपना पूरा हुने संकेत देखेको छु । अब क्रान्तिको रक्तरन्जित झण्डा ढल्न दिनुहुँदैन । नेकपाको यो कदमलाई मेरो सलाम छ । त्यसैले त मैले आधा जिन्दगी समर्पण गर्दा पनि आफूलाई गौरवान्वित ठानेको छु ।' कुनै सहारा विना हिडडुल गर्न नसक्ने अवस्थाको अपाङ्ग शरीर हुँदा पनि क्रान्तिकारी भावना र विचारले लैस उनी आफूमा कहिल्यै पनि भावना हावी हुन दिदैनन् । विचारले नै आफूलाई प्रेरित गरिरहन्छन् । यस्तै प्रसंगमा उनी भन्छन - 'भावना हावी भयो भने त मेरी श्रीमती दुई छोराहरू र अन्य म जस्तै घाइते अपाङ्गहरू पनि निराश हुन्छन् । सचेतापूर्वक लडाईमा होमिएको योद्धा निरास हुने त कुरै आउँदैन ।'



विरताको गौरवशाली इतिहास निर्माण गर्ने जनताको सिपाही भएर लडाई लड्दाका सानाठुला गरी १ सयभन्दा बढी कार्वाहीमा सहभागी भएका पर्वतलाई कतिपय लडाईहरूको सम्झना पनि हुन छोडेको छ । उनी शहरी क्षेत्रको कार्वाहीको लागि गठन गरिएको विषेश लडाकु दस्ता (क्टँ) को कमाण्डर पनि भए । २०५८ मा दार्चुलाको गोकुलेश्वर इप्रका,२०५९ मा कैलालीको लम्की प्रहरी चौकी र धनगढी कारागार,२०५९ अछामको मंगलसेन सदरमुकाम र सेनाको व्यारेकमा गरिएका सफल आक्रमणका लडाकु हुन् पर्वत । रोल्पाको गाम र लिस्नेलगायतका दर्जनौं लडाईहरूका तितामिठा अनुभव पनि उनीसँग छन् । भीषण लडाईका कैयौं क्षणहरू उनको स्मृतिबाट कहिल्यै नमेटिने तस्वीरझैं कोरिएका छन् । उनी भन्छन् - 'रोल्पाको गाममा केही घण्टादेखि सेनासँग दोहोरो भिडन्त चलिरहेको थियो । त्यतिवेला जमानसिंह पुनलगायतका २१ जना एउटै लडाईमा ढल्नुभयो । त्यो दिन विर्सन सक्दिन । त्यस्तै अछामको मंगलसेन ब्यारेक कब्जा गर्नै लाग्दा दुई जना साथी एक जनालाई घाँटीमा र एक जनालाई छातीमा गोली लाग्यो । उहाँहरू अन्तिम सासमा कमरेड हाम्रो रक्तिम झण्डा ढल्न नदिनु है भन्नुभयो । म त्यो दिन पनि विर्सन सक्दिन । यस्तै कात्तिक महिनाको अन्तिमतिर माइनस १० डिग्री भन्दा तल तापक्रम झरेको बेला जुम्ला, खलंगा सदरमुकाम हमला गर्दै थियौं । त्यती बेला हामी सायद सैन्य ब्यारेक सबै खरानी बनाएर आउने थियौं । तर ३/४ फिट हिउँमा हिउँकै हार्ड बनाएर रातभर बस्दा रगत जमेर धेरैको ज्यान गयो । हाम्रा सबै आधुनिक हतियार जाम भएर चलेनन् । मैले स्याउ भेट्टाएर एक झोला खाएँ । बल्ल बाँच्न सफल भएँ । त्यो दिन पनि कहिल्यै विर्सन सक्दिन । यस्ता धेरै घटना छन् ।' धेरै चोटी मृत्युको मुखमा पुगेर बाँच्न सफल पर्वतका यस्ता निकै साहसिक र स्मरणीय धेरै क्षणहरू आज पनि सम्झनामा ताजै छन् ।

जनमुक्ति सेनामा भर्ति भएको केही समयपछि सेनामै कार्यरत एक जना महिलासँग पर्वतको प्रेम भयो र कम्युनिस्ट संस्कारअनुसार प्रगतिशील विवाह पनि भयो । तर एक वर्ष पुग्दानपुग्दै उनी घाइते भएर दुवै गोडा नचल्ने अवस्थामा पुगे । यस्तो बेला उनकी जीवनसंगीनी धनसरी वयक (रावत) ले सबै भन्दा नजीकबाट सहयोग गर्दै रहिन् । साथमा उनका दुई जना छोरा पनि सहयोगी छन् । आजभोलि क्रान्तिको सपनासहित अघि बढिरहेको अग्रदस्ता नेकपामा सक्रिय पर्वत सहयोगी र वाकरको भरमा पार्टी कामको लागि देशको जुनसुकै कुनामा पनि पुग्ने गर्दछन् । यसको अलावा उनी सामाजिक कार्यहरूमा पनि सक्रिय रहन्छन् । कैलालीमा आफ्नो छिमेकमा रहेका अपाङ्ग र असक्तहरूको हितको लागि उनी एउटा सस्था खोलेरै सक्रिय छन् । उनी नयाँ जनसत्ताको न्याय विभागमा पनि काम गर्दछन् । साँझ विहान उनको घरमा विभिन्न खालका समस्या र काम लिएर आउने मानिसको लर्को हुन्छ । अपाङ्ग हुँदा पनि सपाङ्गको भन्दा ठूलो जिम्मेवारी निर्वाह गरिरहेका प्रेमबहादुर वयक सबैका प्रेरणाका श्रोत हुन् ।

# जनसरकारले राहत बाँड्यो

■ भीमबहादुर खड्का, चितवन



बुढीराप्तीको बाढीबाट डुबानमा परेको रनपा-५, रमाइलो बस्ती, बाघमाराको सुकुमबासी बस्तीमा विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी चितवनले राहत सामाग्री वितरण गरेको छ । २१ पीडित परिवारलाई प्रतिपरिवार एकएक बोरा चामल, दाल, नुन-तेल, भुजा, चिउरा र जीवनजलसहित प्राथमिक उपचारका औषधीसमेत वितरण गरिएको हो । नेकपा, चितवन इन्चार्ज लालबहादुर बीसी प्रमुख अतिथि र जनसरकार प्रमुख मिनप्रसाद सापकोटा विशेष अतिथि रहेको एक कार्यक्रम आयोजना गरी सो राहत वितरण गरिएको हो ।

नेकपाले नेता तथा कार्यकर्ताहरू देशव्यापी उद्धार र राहत कार्यमा जुट्न निर्देशन गरेलगत्तै चितवनमा राहत वितरण गरिएको हो । चितवनमा बाढीले ५ जनाको मृत्यु र ३ जना वेपत्ता भएका छन् । सरकारले उद्दार तथा राहतमा उदासिनता देखाइरहेको बेला नेकपाले भने देशभर राहत र उद्दारमा तदारुकता देखाइरहेको छ ।

# आज दोरम्बा हत्याकाण्डको स्मृतिसभा

■ रातो खबर संवाददाता/काठमाडौं



आज साउन ३२ गते १५ औं दोरम्बा हत्याकाण्ड स्मृति दिवस मनाइँदैछ । २०६० साल साउन ३२ गते रामेछाप, दोरम्बामा तत्कालीन शाही सेनाले रामेछाप जनसरकार प्रमुख बाबुराम लामा (पुष्प), अम्बिका दाहाल (ललिका), उमा कार्की (सहारा), विष्णुमाया थापामगर (बिमा), विमला, उषा, रक्तिम, हर्कबहादुर तामाङ (यथार्थ), रवि चौहान (समीर), श्याम तामाङ (इन्क्लाब), पदमराज गिरी (असल), ठूलोराम तामाङ (छोक्पा), सानोराम तामाङ (तारा), लक्ष्मण तामाङ (छायाँ), जमिन, सोम, युवराज मोक्तान, लीला मोक्तान, टेकबहादुर थापामगर (विवेक), चतुर्मान थामी (समर)सहित २१ जनाको बर्बरतापूर्वक हत्या गरेको थियो । महान् जनयुद्धको अभीष्ट पूरा गर्ने लक्ष्यका साथ उहाँहरूले अन्तिम समयसम्म आफूहरू बलिदान दिएर पनि जनयुद्धलाई धोका नदिने निष्कर्षमा पुग्नुभयो । उहाँहरू हाम्रा आदर्श हुनुहुन्छ । जीवनको भिक मागेको भए उहाँहरूले व्यक्तिगत जीवन बाँच्न पाउने सम्भावना थियो तर उहाँहरूले वर्गसंघर्षका सामु त्यसलाई त्यागिदिनुभयो र महान् बन्नुभयो ।

यो साता तत्कालीन शाहीसत्ताले मच्चाएको कुख्यात दोरम्बा हत्याकाण्डको स्मृति दिवस हो । रामेछाप जिल्लाको पश्चिमी भूगोलमा पर्ने दोरम्बा डाँडाकटेरीको उच्च पहाडी भूभागमा २०६० साल साउन ३२ गते शाही सत्ताको सैनिक मेजर राममणि पोखरेल नेतृत्वमा खटिएको शाही सेनाका जल्लादहरूले सरकार-माओवादीबीच दाङको हापुरेमा संविधानसभालाई केन्द्र बनाएर भइरहेको वार्ता भंग गर्ने उद्देश्यले निहत्था माओवादी नेताकार्यकर्तालाई नियन्त्रणमा लिएर आँखामा पट्टी बाँधी हात बाँधेर घिस्याउँदै लाम लगाएर बीभत्स र क्रूर तरिकाले नृशंश हत्या गरेका थिए ।

आज मन्थलीमा हुने सहिद स्मृतिसभा नेकपाका केन्द्रीय सल्लाहकार समितिका अध्यक्ष ईश्वरी दाहाल 'असारे काका' को प्रमुख आतिथ्यमा सम्पन्न हुने भएको छ ।

# बर्मझियामा रामवृक्षको स्मृतिसभा हुने

■ अम्बिका चन्द/काठमाडौं

तत्कालिन नेकपा (माओवादी) का केन्द्रीय सदस्य सहिद रामवृक्ष यादवको सम्झनामा देशैभरी स्मृतिसभा हुने भएको छ । नेकपा केन्द्रीय समितिको निर्णयअनुसार उक्त स्मृतिसभा गर्न लागिएको हो । नेकपाले प्रत्येक वर्ष भदौ २ गते यादवको स्मृतिमा विभिन्न कार्यक्रम गर्दै आएको छ । धनुषाको बर्मझियामा जन्मिनु भएका यादवलाई तत्कालिन देउवा सरकारको संरक्षणमा कांग्रेसी गुण्डाहरूले बर्मझियामै हत्या गरेका थिए । २०५१ भदौ १ गते नेपालबन्दको कार्यक्रम सकेर भोलिपल्ट भदौ २ गते बीरेन्द्र बजारबाट घर फर्कंदै गर्दा सादापोशाकमा रहेका प्रहरी र कांग्रेसका कार्यकर्ताहरूले घरेलु हतियार प्रयोग गरी विभत्स तरिकाले यादवको हत्या गरेका थिए । नेपालमा जनयुद्ध शुरुवातको समयमा केन्द्रीय तहबाट भएको यो ठूलो बलिदान थियो । तराईमा माओवादीको प्रभाव विस्तार रोक्ने देशी-विदेशी षड्यन्त्रमा यादवको हत्या भएको माओवादी निष्कर्ष थियो । यसैविच सहिद रामवृक्ष यादवको स्मृति दिवसको अवसरमा नेकपा जनकपुर ब्युरोले यादवको जन्मथलो बर्मझियामा स्मृतिसभा गर्ने र सहिद परिवारलाई सम्मान तथा अभिनन्दन गर्ने भएको छ ।



# अछाम–काठमाडौं सम्पर्क मञ्चको समिति गठन

■ करणसिंह बडाल/काठमाडौं



गोविन्द विष्टको संयोजकत्वमा २० सदस्यीय अछाम-काठमाडौं जनगणतान्त्रिक सम्पर्क मञ्चको भेला आयोजक समिति गठन भएको छ । समितिका अन्य सदस्यहरूमा राम विश्वकर्मा, नरेश भण्डारी, धनराज विक, बसन्त सोडारी, राजन रेग्मी, माधव रेग्मी, समर्पण चलाउने, विकास भुल, गोरखसिंह ढोली, रोहित भुल, हस्तकुमार विक, दिनेशबहादुर चलाउने, धनबहादुर विक, भीमबहादुर विक, तपेन्द्र विक, नरेश विक, दीपेन्द्र सुनुवार, छत्र विक, विपुलकुमार भुल रहेका छन् । सो कार्यक्रममा प्रमुख अतिथि नेकपाका वैकल्पिक केन्द्रीय सदस्य मकर गुरुङ रहेका थिए । त्यसैगरी अन्य अतिथिहरूमा अछाम जिल्ला इन्चार्ज तथा सेक्रेटरी दर्शन, जनगणतान्त्रिक सम्पर्क मञ्च साधारण शाखा सेक्रेटरी रत्न मगर, सेती ब्युरो कार्यालय सचिव डबल शाह, जनगणतान्त्रिक सम्पर्क मञ्चका वरिष्ठ उपाध्यक्ष सुरेश अधिकारी र सचिव पूर्ण श्रेष्ठ, काठमाडौं जिल्ला सदस्य हरि चन्द रहेका थिए । राधजानीको प्रदर्शनी मार्गस्थित आरआर क्याम्पसको समाकक्षमा सम्पन्न उक्त कार्यक्रमको संचालन गोविन्द विष्टले गरेका थिए भने अध्यक्षता सो संगठनका सेम ब्युरो इन्चार्ज करनसिंह बडालले गरेका थिए ।

निर्देशक : अनिल शर्मा, प्रवन्ध निर्देशक : भिमप्रसाद चापागाई, प्रवन्ध सम्पादक : चिन्तामणि घिमिरे, सम्पादक : अशोकप्रसाद सुवेदी, प्रकाशक : रातोखबर प्रकाशन गृह प्रा.लि., कार्यालय : बागबजार, काठमाडौं, ʹail: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं